वर्ष : १५, अंक : २६, काठमाडौं, २०७६ कार्तिक ८ गते शुक्रबार, 25 October 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

मेरो मुलक मेरो हस्ताक्षर
कार्तिक २३ गते बसन्तपुर जाऔं।
राष्ट्रको पक्षमा हस्ताक्षर गरौं।
जय मातृभूमि !

## सहकार्य गर्न नेपाल सक्षम : उपप्रधानमन्त्री यादव



काठमाडौं । उपप्रधान, स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले मुलुकको विकासका लागि छिमेकी र मित्रराष्ट्रहरूको सहयोग र सद्भाव लिनुपर्ने बताएका छन् । उनले भारत र चीनजस्ता ठूला मुलुकसँग सहकार्य गर्नका लागि पनि नेपाल सक्षम र बलियो बन्नुपर्ने धारणा राखे । नेपाल कम्युनिस्ट पार्टीको मदन भण्डारी अध्ययन केन्द्रले आयोजना गरेको 'चीनका राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमण : एक परिचर्चा' कार्यक्रममा यादवले भने, 'मित्र राष्ट्रहरूले सहयोग र सौहार्दता व्यक्त गर्ने हो, मुख्य काम त हामी आफैंले गर्ने हो । राष्ट्रिय एकता हामीले नै कायम राख्ने हो । छिमेकीले देखाएको मित्रतालाई विकास साझेदारका रूपमा परिणत गर्न सक्नुपर्छ ।'

मुलुकको विकासका लागि आन्तरिक एकता हुनु र स्थिरता हुनुपर्ने आवश्यकता रहेको यादवले बताए । उनले आन्तरिक राजनीतिक एकता कायम नभएको अवस्थामा बाह्य शक्तिले खेल्ने ठाउँ रहने उल्लेख गरे । लामो समयपछि चीनका राष्ट्रपतिको नेपाल भ्रमण भएको भन्दै यादवले नेपाललाई उक्त भ्रमणले निक्कै फाइदा हुने बताए । चीनका राष्ट्रपतिले योजना बनाएर समयमा नै कार्यान्वयन गर्ने भन्ने कुरा सुनाएको बताउँदै यादवले भने, 'हाम्रोमा योजना बन्छन् तर कार्यान्वयन हुँदैनन् । हुलाकी राजमार्ग लगायतका योजना हेरे पुग्छ ।'

## एकता अन्तिम चरणमा : महतो



जनकपुरधाम । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डल नेता राजेन्द्र महतोले समाजवादी पार्टीसँगको एकता प्रक्रिया अन्तिम चरणमा रहेको बताएका छन् । जनकपुर उपमहानगरपालिकामा बुधबार आयोजना गरेको शुभकामना आदान-प्रदान कार्यक्रममा महतोले सो कुरा बताएका हुन् । दुवै पार्टीको नाम समायोजन हुने गरी पार्टीको नाम, छाप र भ्रातृ संगठन लगायतका बिषयमा सहमति भइसकेको जानकारी दिए । उनले महन्थ ठाकुरलाई सर्वोच्च नेता र समाजवादी पार्टी सरकारबाट बाहिरिने लगायतका विषयमा छलफल भइरहेको बताए ।

## 'मंसिर पहिलो हप्तामै एकीकरण'



जनकपुरधाम । समाजवादी पार्टीकी उपाध्यक्ष तथा संघीय संसद रेणु यादवले मंसिरको पहिलो हप्तामै राजपा नेपालसंग एकता हुने दाबी गरेकी छिन् ।

प्रदेश २ सरकारद्वारा जनकपुरस्थित मधेश भवनमा दीपावली र छठको अवसरमा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रममा उनले एकताको कुरा धेरै अगाडि बढिसकेको र मंसिर पहिलो हप्तासम्म दुई पार्टीबीच एकीकरण हुने बताइन् । उनले पार्टी एकता गर्न शक्ति प्रदान गर्नै भगवानसँग प्रार्थना पनि गरिन् ।

## कार्यकारी सम्पादकलाई मातृशोक



काठमाडौं । यस मधेशवाणी साप्ताहिकका कार्यकारी सम्पादक रामसुकुल मण्डललाई मातृशोक परेको छ । कार्यकारी सम्पादक मण्डलका आमा लुटनी देवीको गत अशोज २० गते सोमबार बिहान असामयिक निधन भएको हो । उनका आमाको ७१ वर्षको उमेरमा उपचारको क्रममा जनकपुरधामस्थित जनकपुर अञ्चल अस्पतालमा निधन भएको थियो । उनी महोत्तरी जिल्लाको जलेश्वर-४ स्थित सुगाभवानीपट्टी निवासी हुन् ।

# किन बनेन मधेश ?

## मधेशबाट दर्जनौं नेता मन्त्री भए तर, मधेश जहाँको त्यहीँ

**मधेशवाणी डेस्क**

काठमाडौं । सन् २०१८ मई ११ मा जनकपुर भ्रमण गरेका भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई नागरिक अभिनन्दन गर्ने क्रममा प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले भनेका थिए-मधेश गरिब छ, अविकसित छ, हामी केन्द्रबाट अपहेलित, ठगिएका छौं, विभेद गरिएको छ र हामी अझै संघर्षत छौं ।'

मुख्यमन्त्री राउतले विदेशी सरकार प्रमुखका अगाडि यसरी याचना गर्नु पदर्थ्यो वा थिएन त्यो छुट्टै बहसको विषय हो तर उनको कथनबाट मधेशको चित्र वर्णित हुन्छ ।

साच्चैं के मधेश गरिब छ ? के अविकसित छ ? के ठगिएको हो ? के मधेश अपहेलित छ ? के मधेशीले अधिकार नपाएकै हो ? हो भने मधेशले थुप्रै नेताहरूलाई उत्पादन गरेको छ तर पनि मधेशमा विकासको लहर छैन ।

मधेशका समथर जिल्लाहरू उब्जाउ जमिन भएकाले राष्ट्रको अन्नको भण्डार मानिन्छ । नेपालको अर्थतन्त्रमा कृषिको योगदान ५ भागमा २ भाग हुन्छ । त्यो मधेशकै योगदानले हो । त्यसैले कृषि उत्पादनको अभिवृद्धिका लागि नै भनेर विगतका सुरूका १० वटा पञ्चवर्षीय योजनाहरूको लगानीमा निरन्तर मधेशका २४ जिल्लाले प्राथमिकता पाएको हो । बागमती, नारायणी, कोशी, गण्डकी, भैरहवा लुम्बिनी, बाणगंगा, बबई, महाकालीजस्ता बडेमानका सिचाई आयोजनाहरू मधेशमै बने । तराइभित्रै एकहजार किमि लामो महेन्द्र राजमार्ग लगायत सबै जिल्ला सदरमुकामहरू जोड्ने महत्वपूर्ण पक्की सडकहरू छन् । विराटनगर, विरगज, गैडाकोट, बुटवल, नेपालगञ्जमा हजारौ उद्योगहरू




छन् । क्षेत्रीय, उपक्षत्रीय, अञ्चल, जिल्लास्तरका दर्जनौ अस्पतालहरू, हजारौ विद्यालय, पचासौ क्याम्पसहरू, बैकहरू छन् ।

भारतीय सीमासँगको सामिप्यता र भौतिक पूर्वाधारले जोडिएका कारणबाट सस्तोमा, शिक्षा, स्वास्थ्य एवं दैनिक उपभोगका वस्तुहरूको उपभोग गर्न पाउनुका अतिरिक्त कृषिसाधन तथा उत्पादनका लागि बजार पाउने सौभाग्य मधेशले छन् । तर पनि मधेश गरीब छ, अविकसित छ ।

संसदमा जनप्रतिनिधिका हिसाबले निर्वाचन क्षेत्रमध्ये मधेशमा ४८ प्रतिशत निर्वाचन क्षेत्र पर्छ । पछिल्लो जनगणना अनुसार मधेशमा ४८ प्रतिशत जनसंख्याको बसोबास छ । सांसदले पाउने बजेट र निर्वाचन क्षेत्रको बजेट पनि त्यसैले मधेशमै खनाइनुपर्छ ।

हजारौंहजार विघा जग्गाजमीनका धनी, प्राकृतिक स्रोत साधनको प्रचूरता, राष्ट्रको ठूलो लगानी खन्याएर निर्मित सडक, सिचाई, अस्पताल, शिक्षण संस्था, उद्योग, यातायातजस्ता पूर्वाधार सुविधाले भरिपूर्ण मुलुकको आर्थिक मेरूदण्ड मानिएको कृषि उपजमा अब्बल सिद्ध मधेश वा त्यहाँका बासी अहिले पनि राज्यबाट असन्तुष्ट छन् ।

प्राकृतिक एवं स्रोत साधन एवम् लगानीको दृष्टिले सुविधासम्पन्न हुदाँहुदै पनि मधेशको गरिवीको सूचक पहाडको भन्दा नराम्रो छ । यसको मूल कारकतत्व थिचोमिचोयुक्त मधेशको सामाजिक सांस्कृतिक आर्थिक वातावरण हो भने राजनीतिक विकृति र विसंगति पनि हो । सायद मधेशी नेताहरूमा अपेक्षित सामाजिक जिम्मेवारी भाव एवम् नेतृत्व क्षमता विकसित हुन नसकेरै होला, मधेशी मूलको बाहुल्यक्षेत्रमा समेत पहाडिया मूलका गिरिजाप्रसाद कोइराला, केपी ओली, भरतमोहन अधिकारी, लिला कोइराला, माधव नेपाल, आनन्द ढुंगाना, रामकृष्ण ताम्राकार, प्रकाश कोइराला, सुशिल कोइरालाजस्ता प्रसस्त नेताहरू मधेशी जनताको अत्यधिक मत पाएर नै विजयी हुन सके । जो जहा जन्मेपनि उसको समस्या राष्ट्रकै हो । राष्ट्रको सबै स्रोत प्रत्येक नागरिकको हो ।

### मधेशको राजनीतिक शत्रु

मधेशका किन विकासले गति लिन सकेन भन्ने विषयमा विमर्श भएकै छैन । मधेशको विकास कुनै पनि मधेशी दलको एजेन्डा नै बन्न सकेको छैन । राजनीति, व्यक्तिगत र दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थ हासिल गर्ने सशक्त माध्यम हुन नसक्दा नै मधेशको आर्थिक विकास र समृद्धि झन् ओरालो लाग्दो अवस्थामा देखिएको हो । राजनीतिको सम्बन्ध जनताको जीवनस्तर, आर्थिक उन्नति र प्रगतिसँग नरहेकाले पनि मधेशको आर्थिक विकास र समृद्धि ओरालो लाग्दो अवस्थामा पुगेको हो ।

मधेशका जिल्लाहरूको मानव विकास सूचकाँकसमेत गिर्दो अवस्थामा छन् । यस्तो अवस्थामा देखिएको राजनीतिक अस्थिरताले त्यहाँको अर्थतन्त्रको अवस्था झन् संकटग्रस्त हुने प्रायः निश्चित छ । जानकारहरूको भनाइमा आर्थिक रूपान्तरणको अनुभूति गराउन नसक्नु र जनताको जीवनस्तर बढाउन नसक्नुमा आर्थिक मुद्दामा राजनीतिक दलले आँखा चिम्लने प्रवृत्ति नै बढी जिम्मेवार भएको देखिन्छ । किनभने राजनीतिक र आर्थिक

*बाँकी अन्तिम पृष्ठमा*







## सम्पादकीय



# सांसदको प्रतिष्ठा

गृहमन्त्रीका भाइ अपराध गरेको अभियोगमा पक्राउ परेर कानुनी प्रक्रियामा छन् । सभामुख कृष्णबहादुर महरा यौन दुर्व्यवहारको कसुरमा कारागारमा छन् । कांग्रेस सांसद आलम २४ जनालाई आततायी तवरले मारेको अभियोगमा समातिएका छन् र कारबाहीको प्रक्रियामा छन् । राजपाका सांसद प्रमोद साह तोडफोडको घटनामा अदालतबाट तारेखमा रिहा भएमा छन् । यी पछिल्ला घटनाहरूले कानुन बनाउने व्यक्तिहरू कसरी कानुनको उल्लघंन गरिरहेका देखाउँछ ।

वर्तमान सरकार दुई तिहाइको हो । यसको मतलव यो सरकार शक्तिशाली छ र चाहेको काम गर्न स्वतन्त्र छ । आमजनताले बुझ्केका भाषा यही हो । तर यही मर्मअनुसार काम भने हुन नसक्दा जनता विरक्तिएका छन् । राजनीतिक प्रभाव र पहुँच हुनेहरूलाई कानुन नलाग्नु र तिनका आसेपासेले समेत कानुन तोडेर 'पौरख' देखाउनु अहिले समाजको नियतिजस्तै बन्न पुगेको छ । तर यी पछिल्ला घटनाहरूले भने साँच्चै नै विधिको शासन कायम हुने हो कि भन्ने आशा पलाएको छ ।

कुनै अभियोगमा आफ्नो दलको नेता कार्यकर्ता पक्राउ परेमा षड्यन्त्र देख्ने र सडकमा आन्दोलन गर्ने प्रवृत्ति पनि नेपालका राजनीतिक दलका कार्यकर्तामा देखिन्छ । यसपटक भने यस्तो देखिएन । तत्कालीन सभामुखलाई सत्तारूढ दलले बचाउने प्रयास गरेन । यस्तै, हत्याको अभियोगमा पक्राउ परेका सांसदका पक्षमा स्थानीय स्तरमा गरिएको प्रदर्शनलाई समेत ती सांसदको दलका केन्द्रीय नेताले

### महरा र आलम अपराधजन्य घटनामा आरोपित हुनु भनेको संसद् मात्र होइन, पद्धतिकै निम्ति खेदपूर्ण क्रियाकलाप हो ।

आलोचना गरे । यो नेपाली समाजसँगै राजनीतिक दलका नेता कार्यकर्ता पनि परिपक्व र लोकतान्त्रिक हुँदै गएको संकेत पनि हुनसक्छ । यद्यपि, प्रहरी अनुसन्धान फितलो बनाइने, प्रमाण मेटाइने र उन्मुक्तिका लागि न्यायालयलाई प्रयोग गरिने सन्देह भने बाँकी नै छ । अहिलेजस्तै विधिको शासनप्रति प्रतिबद्धता प्रकट गर्ने हो भने राजनीतिक दलहरूलाई 'अपराधीका अखाडा' भन्नेहरू झुटा साबित हुनेछन् । यस्तै, व्यक्ति विशेषको अपराधका लागि दललाई नै दोष दिनुपर्ने अवस्था पनि आउनेछैन । विधिको शासन कायम गर्ने दृढता देखाउन सके संघीय लोकतान्त्रिक गणतन्त्रका विरोधीहरूको मनोबल यसै कमजोर हुनेछ ।

महरा, आलमजस्ता अपराधमा मुछिएका अरू पनि थुप्रै नेताहरू मुख्य दलहरूभित्रै छन् । उनीहरू विरूद्ध कानुनबमोजिम कारबाही भएन भने तिनको मनोबल बढ्नेछ । अपराधमा जोडिएकाहरूलाई दल तथा सरकारमा नलिने कानुन पनि बनाउनुपर्छ । यस्ता कपुतहरूले देशलाई बनाउने होइन, बिगार्ने र खाल्डोमा जाक्ने काम गर्नेछन् । मधेशमा आलमजस्ता नेता भएका स्थान अरू पनि छन्, जहाँ मानिस जान पनि डराउँछन् । राजनीतिक दलहरूमा देश र जनताको हितभन्दा पनि जसरी हुन्छ सत्तामा पुग्ने र त्यहाँ लामो समय टिक्ने प्रवृत्ति देखिन थालेको छ ।

लोकतान्त्रिक कालखण्डमा संसदमा हत्या, भ्रष्टाचार, बमकाण्ड अभियोगदेखि राहदानी दुरूपयोगका क्रियाकलापमा संलग्न 'माननीय' हरूको सूची लामो छ । त्यसमा कोही भूतपूर्व भइसकेका छन् त कोही बहालवाला छन् । अपराधमा संलग्न 'ठूला' भनिएका पात्रहरूलाई राजनीतिक प्रभाव र संरक्षणका कारण जस्तोसुकै अपराधमा पनि उन्मुक्ति मिलिरह्यो । ठूलाबडा अपराधकर्मी दण्डित नहुँदा हाम्रो समाजले अपराधको भयबाट मुक्ति पाउँदैन कि भन्ने सन्देश छाइरह्यो । दबाब परेपछि मात्रै कथित ठूला भनिएका फौजदारी कसुरको छानबिनमा पर्ने गर्छन् । नागरिक दबाबकै कारण महरा प्रहरी हिराहतमा छन् र आलम न्यायिक हिरासतमा ।

राजनीतिलाई अपराधीकरणको सिकारबाट जोगाउन ठूलालाई पनि सजायको भागीदार बनाउनैपर्छ । महरा र आलम भनेका सर्वोच्च विधायिका संस्था संसद्का प्रतिनिधि हुन् । उपल्ला तहका पात्र अपराधजन्य घटनामा आरोपित हुनु भनेको संसद् मात्र होइन, पद्धतिकै निम्ति खेदपूर्ण क्रियाकलाप मानिन्छ । सांसद भनेका लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारका स्रोत बन्नुपर्छ । किनभने तिनैद्वारा निर्मित कानुनी जगमा मुलुक सञ्चालित हुन्छ र नागरिकले पनि तिनैद्वारा अनुमोदित कानुन मान्नुपर्छ । तर जब कानुन निर्माता बेइमान हुन्छन्, तब नागरिकले निराशाको मार खेप्नुपर्छ ।

## सातको सात बात



हामीहरू नयाँ संकल्पका साथ आपसी समझदारीमा अगाडि बढिरहेका छौं । मिडियामा आएका प्रचारको भ्रममा नपर्नुहोस् । पार्टी एकताका सन्दर्भमा भएका सहमति आउँदो महाधिवेशनसम्ममा कार्यान्वयन हुनेमा विश्वस्त छौं । **पुष्पकमल दाहाल 'प्रचण्ड', अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**



प्रचण्ड र बाबुरामले पुराना सबै कुरा बिर्सिसके । उनीहरूले कम्युनिष्ट सिद्धान्त भुले । प्रचण्डको विश्वास छैन, बाबुरामको राजनीति असम्भव छ, अब बाबुराम सकिए । **मोहन बैद्य, महासचिव, नेकपा क्रान्तिकारी माओवादी**



चीनका राष्ट्रपतिलाई नेपालका राष्ट्रपतिले आफ्नो कार्यकक्षमा वा निवासमा सम्मान दिनु ठीक हो । तर, जसरी त्यहाँ राज्य र सरकारका विभिन्न प्रतिनिधिहरूलाई राखेर प्रस्तुत हुने काम भएको छ, त्यो तस्वीर हेर्दाखेरि मानौं त्यो कार्यकारी राष्ट्रपतिबाट आयोजना गरिएको हो कि भन्ने सन्देश दिन्छ । **विमलेन्द्र निधि, उपसभापति, नेपाली कांग्रेस**



गलत गर्ने जोसुकै भएपनि कानुनअनुसार कारबाही गर्न सरकार लागिपरेको छ, नियम, विधि र कानुनभन्दा माथि कोही पनि छैनन् । हामीले राजनीतिक अपराधीकरणलाई स्थान दिनुहुँदैन । जनताको सुरक्षा गर्छु भनेर आएको जनप्रतिनिधिले अपराध गर्न भन्ने जनताको विश्वास गुम्छ । **गोकुलप्रसाद बास्कोटा, संचार तथा सूचना प्रविधिमन्त्री**



राजनीतिक क्रान्तिको काम सकिएको छ अब आर्थिक क्रान्तिको समयमा आएकाले सरकारले अहिले विकासमार्फत आर्थिक क्रान्ति गर्न लागेको छ । अब सरकार र पार्टी मिलेर विकासलाई आन्दोलनका रूपमा अघि बढाइनेछ । **वर्षमान पुन, जलस्रोत तथा सिँचाईमन्त्री**



हामीले सुरूदेखि उठाउँदै आएको मुद्दा संविधान संशोधनप्रति सबै दल जिम्मेवारी बन्नुपर्छ । राज्यको पूनसंरचना भई तीन तहको सरकार बनेको छ । यो उपलब्धिलाई रक्षा गर्न कानून, व्यवस्था र जनशिक्तको अभाव रहन्छ । राजपा भएको उपलब्धीलाइ रक्षा गर्नुपर्छ भन्ने पक्षमा छ । **महेन्द्र राय यादव, नेता, राजपा नेपाल**



जनप्रतिनिधिले जनताको चाहना, माग र आवश्यकतालाई सधैं प्राथमितामा राख्नुपर्छ । जनताको आवश्यकता र चाहनालाई ध्यानमा राखेर काम गर्ने जनप्रतिनिधिलाई कसैले पनि पराजित गर्न सक्दैन । अहिले संघ, प्रदेश र स्थानीय तीनवटै तहका सरकारले जनचाहनाअनुरूप काम गरिरहेका छन् । **शंकर पोखरेल, मुख्यमन्त्री, प्रदेश ५**

# राजनीतिको अपराधीकरण र सुशासनको खोजी

**विचार-विश्लेषण** भाग-४४



उपेन्द्र झा

> जनताप्रति ठूलो जिम्मेवारी बहन गर्ने दायित्व लिएका कम्युनिष्ट नेतृत्वको सरकार राज्यसत्ता समक्ष आएर आत्मसमर्पण गर्नु कति लज्जास्पद भएको छ । जनताको दुई तिहाईको सरकार बनाएको ऐतिहासिक जीत हारमा परिणत भएको छ ।

जन अपेक्षा पूरा गर्न सुशासन चाहिन्छ र सुशासनका लागि स्वच्छ राजकीय संयन्त्र, इमान्दार राजनेता तथा जनतासँग सरोकार राख्ने राजनीति हुनुपर्छ । तर वर्तमान राजनीतिमा यी तत्वहरूको कुनै स्थान छैन ।

देश र जनताको विकासभन्दा अपराधी व्यक्तिले कायम गरेको वर्चस्वका लागि प्रयोग भइरहेको राजनीतिसँग सुशासनको कल्पना गर्नु मुर्खता नै हो । अपराधी व्यक्तिहरू राजनीतिक संरक्षण खोज्न राजनीतिमा प्रवेश गरेपछि राजनीतिको स्वरूप नै बद्लिएको छ ।

अपराधको राजनीतिकरण गर्दै आउँदा राजनीतिले देश र जनताको काम छाडेर अपराधतिर प्रेरित भएपछि राजनीतिक अराजकता आउनु स्वाभाविक हो । यस्तो अवस्थामा सुशासनको कुरा गर्नु पटमुर्खताबाहेक अरू के हुन सक्दछ ।

अपराधीहरू राजनीतिक संरक्षण पाउन ठूलो रकम सहयोग गरेर ठूला पार्टीहरूमा छिर्छन् तथा अपराधको निरन्तरता कायम राख्छन् । यसरी अपराधिक प्रवृत्ति बढ्दै गएर राजनीतिक धरातल नै अपराधीहरूको कब्जामा जान्छ । सतहमा आउने अपराधका घटनाहरू राजनीतिक स्वरूपबारे त्यसै बखान गरेको हुन्छ ।

स्थायी सरकारको स्वरूपबारे जनताले लिएका आशा, विश्वास विस्तारै हराउँदै जानु, साना-साना घटनामा सरकारको विरूद्ध सडकमा जनआक्रोश देखा पर्नु आदि कारणले सरकारको अकर्मण्यतात्यसै प्रष्ट्याउँछ । जन अपेक्षा पूरा गर्ने उद्देश्य लिएर खडा भएको ओली नेतृत्वको सरकारले देशमा रहेको धरातलीय समस्यालाई सम्बोधन गर्न कुनै प्रयास गरेन ।

नेपाली जनताले भोगिरहेको परनिर्भरताको पीडा विषयमा यो सरकार गम्भीर हुन सकेन । धरासायी रहेको उद्योग धन्धा र उत्पादन क्षेत्र गतिशील हुन सकेन ।

अवसरको अभाव, बेरोजगारी, महँगी, स्थानीय सरकारको करको बोझ, उत्पादनशीलताको अभाव आदि कारणले जनतामा अपराधिक प्रवृत्रि बढ्दै गएको छ । नेपाली समाजमा अहिले देखिरहेको चरम आक्रोश, अविश्वास, घृणाले यो सरकारलाई आफ्नो कार्यकाल पूरा गर्न देला ? सरकार भनेको जागिर खान आएको जमात होइन, यो त देश र जनताको सर्वाङ्गीण विकास गराउन आउने दक्ष जनशक्ति हो । राजनेता कहिल्यै पनिआफ्नो लागि सम्पत्ति कमाउँदैन । उसले त लोकप्रियता कमाउँछ, नाम र यश कमाउँछ ।

हाम्रो देशका नेताहरू करोडौं खर्च गरेर जितेका सांसद तथा मन्त्रीहरू खर्च भएको रकमको साबा र ब्याज उठाउन एक मात्र सोच लिर अनेक दाउ खोजिरहेका हुन्छन् । अर्को चुनावका लागि आर्थिक सवलता अनिवार्य विषय रहेकोले खर्च गरेका तथा नगरेका जनप्रतिनिधिहरू एउटै सोचबाट प्रेरित भएपछि देशको कल्याणकारी बाटा बन्द हुनु स्वाभाविक हो ।

यही प्रवृत्तिले राजनीतिमा प्रश्रय पाएको छ । पैसा कमाउने उटकट चाहनाले सबैलाई अनैतिक बाटो समाउन बाध्य बनाएको छ । सबैको एउटै चाहना भएपछि त्यो सरकारको स्वरूप कस्तो होला ? लामो समयदेखि सरकार यही क्रममा चलिरहेकोले राज्यसत्ताको स्वरूप नै भ्रष्ट भएको छ । कम्युनिष्टहरू अरूभन्दा प्रगतिशील, वैज्ञानिक सोच भएका अनुग्रसित निष्पक्ष तथा कर्मयोगी हुने विश्वासमा जनताले दुई तिहाई नजिक पुऱ्याएर स्थिर सरकार बनाउन जनादेश दिएका हुन् ।

जनताप्रति ठूलो जिम्मेवारी बहन गर्ने दायित्व लिएका कम्युनिष्ट नेतृत्वको सरकार राज्यसत्ता समक्ष आएर आत्मसमर्पण गर्नु कति लज्जास्पद भएको छ । जनताको दुई तिहाईको सरकार बनाएको ऐतिहासिक जीत हारमा परिणत भएको छ । जनता हारेका छन् । यही हारले जनतालाई आक्रोशित तुल्याएको छ । जनताको असन्तुष्टता यो सरकारको दुर्भाग्य हो । असन्तुष्टताले आन्दोलनको ठूलो आँधीबेहरी ल्याउनेमा कुनै शंका छैन ।

राजनीतिमा अपराधीहरूको जमात रहेको र त्यसले सञ्चालन गरेको राजनीति कस्तो होला ? जसका धेरै परिणामहरू सतहमा परिलक्षित भइरहेका छन् । प्रगतिशील भनिएका कम्युनिष्ट सरकारले पनि राजनीतिको बिग्रेको स्वरूपलाई सपार्नुको सट्टा यसैलाई निरन्तरता दिएकोले विग्रहको जन्म हुनु स्वाभाविक भएको छ ।

पैसा कमाउन अपराध गर्नुपर्ने, अपराध गर्दा राजनीतिक संरक्षण चाहिने, यसरी राजनीतिको अपराधसँग अन्योन्याश्रित सम्बन्ध बनेको छ । शक्ति आर्जन भएपछि सबैले मान गर्ने, समाजमा मान प्रतिष्ठा बढ्ने, राजनीतिमा दखल हुने, मन्त्री पद सुरक्षित रहने आदि सम्मानजनक अवस्था कायम राख्न सबै प्रतिस्पर्धी बनेका छन् । कोही हार्छन्, कोही जित्छन् । जित्ने शासक बन्नछन्, हार्ने शासित ।

विपन्न देशका निवासी नेताहरू ! सत्तामा नेपाली कांग्रेस वा कम्युनिष्ट आए देश र जनताको अवस्थामा कुनै सुधार नभएको कुरा अब जनतालाई बुझाई रहनुपर्ने आवश्यकता रहेन । अपुष्ट राजकीय संयन्त्रले भ्रष्ट जनप्रतिनिधिसँग मित्रता गाँसे नै, आउने इमान्दार जनप्रतिनिधिलाई पनि बिगारे । एसिया वाच र ट्रान्सपरेन्सी इन्टरनेशनलले देशका सम्पूर्ण संयन्त्र भ्रष्ट रहेको प्रतिवेदन सार्वजनिक गर्दा पनि यसलाई सुधारको बाटोमा लैजाने इमान्दार, देशभक्त एउटा पनि राजनीतिकर्मी देखिएन ।

शोषण र भ्रष्टाचारको किला देखाउने राजतन्त्र विस्थापित भएको एक दशकभन्दा बढी भयो । प्रगतिशील भनाउँदा नेपाली कांग्रेस र नेकपाले सुधारका फरक दृष्टिकोण ल्याए पनि व्यवहारमा भ्रष्टाचारका थप क्रियाकलापले निरन्तरता नै पाएको देखियो । तथ्यगत भन्नुपर्दा अहिले भ्रष्टाचारमा तीव्रतर वृद्धि भएको देखिएको छ । महामारीको रूपमा फैलिएको यो रोग स्थानीय सरकारसम्म फैलिएको छ । दण्डहीनताको अभावमा जनता यसको प्रत्यक्ष शिकार बन्दै गएका छन् ।

सरकार अहिले हात्ती जस्तो विशाल र शक्तिशालीको मदमा जनताको पीडा हेर्न बुझ्न असक्षम रहेका कारण कागजमा लेखिएको सुशासन देखाइरहेको छ । सुशासनको नाउँमा जन्म लिने प्रलयकारी आन्दोलनको आभाष सरकारसँग छैन । जनआक्रोश घनिभूत रूपमा विस्फोट भएपछि को रहला र के रहला यसको आँकलन पनि गर्न नसक्ने शक्तिशाली सरकारको शक्तिको के काम ? के भ्रष्टाचार गर्न र प्रेरित गर्न यत्रो ठूलो तीन सरकारको जमात तयार गरिएको हो ? के जनता पीडा सहेर यस्तो अवस्थामा रहन सक्छन् ?

*janukjha24@gmail.com*

# नेपाल र चीनबीच हस्ताक्षर तथा आदानप्रदान भएका बुँदाहरू




१. सीमा व्यवस्थापन प्रणालीबारे नेपाल र जन गणतन्त्र चीनका सरकारहरूबीचको सम्झौता
२. शासन क्षमता अभिवृद्धिमा समन्वय तथा आदानप्रदान सम्बन्धी नेपाल र जनगणतन्त्र चीनका सरकारहरू बीच एमओयू
३. अपराधिक विषयहरूमा पारस्परिक कानूनी सहायताबारे नेपाल र जनगणतन्त्र चीनबीचको सन्धि
४. नेपाल र चीनबीच सगरमाथारझुमुलाङमा संरक्षण समन्वयबारे एमओयू
५. नेपालको राष्ट्रिय योजना आयोग र चीनको राष्ट्रिय विकास आयोगबीच लगानी एवं उत्पादनशील क्षमताका प्रमुख आयोजनाहरू प्रबर्द्धन गर्ने सम्बन्धी एमओयू
६. छेङ्दुमा नेपालको महावाणिज्य दूतावास स्थापना गर्नका लागि एक्सचेन्ज अफ नोट
७. चीन(नेपाल सीमा वारपार रेल्वे परियोजनाको सम्भाव्यता अध्ययनबारे नेपालको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र चीनको यातायात मन्त्रालयबीच एमओयू
८. काठमाडौं महानगरपालिका र चीनको नान्जिङ शहरबीच भगीनी(शहरको सम्वन्ध स्थापना गर्ने सम्वन्धी समझदारी
९. नेपालको बुटबल उपमाहनगरपालिका शहर र चीनको सि'यन शहरबीच भगीनी(शहरको सम्वन्ध स्थापना गर्ने सम्बन्धी समझदारी
१०.नेपालको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र चीनको परम्प्रागत चिनीया ओखतिको राष्ट्रिय प्रशासनबीच परम्परागत औषधिको समन्वय सम्वन्धी एमओयू
११. नेपालको गृह मन्त्रालय र चीनको आपत्कालीन व्यवस्था मन्त्रालयबीच विपद् जोखिम न्यूनीकरण तथा आप्तकालीन प्रतिक्रिया सम्वन्धमा एमओयू
१२. नेपालको महान्यायधिवक्ता कार्यालय र चीनको सुप्रिम पिपुल्स प्रोक्यूरेटरबीच साझेदारीका विषयमा एमओयू
१३. नेपालको त्रिभुवन विश्वविद्यालय र चीनको कन्फ्यूसियस इन्स्टिच्यूटबीच त्रिभुवन विश्वविद्यालयमा कन्फ्यूसियस इन्स्टिच्युट स्थापना गर्ने सम्वन्धमा सम्झौता
१४. नेपालको कृषि विभाग र चीनको भन्सार प्रशासनबीच नेपालबाट चीनमा अमिला फलको निर्यातका लागि वनश्पती स्वास्थ्यका मापदण्डहरूको प्रोटोकल
१५. व्यापारमा संयुक्त कार्य समुहको स्थापनाका विषयमा नेपालको उद्योग, वाणिजय र आपूर्ति मनत्रालय तथा चीनको वाणिज्य मन्त्रालयबीच एमओयू
१६. नेपालमा चीनको सहयोगमा निर्मित भूकम्प मापन संयन्त्रसम्वन्धी परियोजनाको हस्तान्तरण प्रमाणपत्र
१७ नेपालको अर्थ मन्त्रालय र चीनको वाणिज्य मन्त्रालयबीच लगानी समन्वय कार्यसमुहको स्थापना सम्वन्धी एमओयू
१८. नेपालको अर्थ मन्त्रालय र चीनको अन्तर्राष्ट्रिय विकास समन्वय एजेन्सीबीच सुरूङ निर्माणमा सहकार्य सम्वन्धमा एमओयू
१९. सीमा सुरक्षा उपकरण तथा कार्यालय उपकरणका लागि एक्सचेन्ज अफ लेटर
२०. नेपालको काठमाडौं उपत्यकामा चिनीया सहयोगका महानगर खानेपानी आपूर्ति सुधार परियोजनाको सम्भाव्यता अध्ययनका लागि माइन्यूट अफ मिटिङ ।

# नेपालले भारत र चीन दुबैबाट फाइदा लिनुपर्छ

चिनियाँ राष्ट्र प्रमुखको भ्रमण हुँदा चीनतिर ढल्किएको जस्तो लाग्छ र भारतका राष्ट्र प्रमुखको भ्रमण हुँदा भारततिर ढल्किएको जस्तो लाग्छ। यो एकथरी मानिसहरूको समस्यै रहेको छ। नेपाल एउटा सानो देश हो। हामीले दुवै छिमेकीसँग फाईदा लिएर देश विकसित गर्नुछ।



**मोतिलाल दुगड**

**उद्योगपति तथा सांसद, नेपाल कम्युनिष्ट पार्टी**

**० नेकपाले दुई तिहाई नेतृत्वको सरकार चलाइरहेको छ। अहिलेको राजनीतिक अवस्था कस्तो देख्नुहुन्छ ?**

– देशमा राजनीतिक स्थिरता छ, शान्ति फैलिएको छ। जनतालाई प्रत्यक्ष असर गर्ने कुनै किसिमका घटना भएका छैनन्, उद्योगधन्दाहरू खुल्ने क्रम बढेको छ। देशमा विभिन्न किसिमका राजनीतिक परिवर्तनहरू भए, तीन तहको निर्वाचन सम्पन्न भयो। केही समय लाग्न सक्छ तर समुचित्त हिसाबले काम भइरहेकै छ।

**० जनचाहना अनुसार काम भइरहेको छैन भनेर व्यापक जनगुनासो पनि छ नि ?**

– कहिँ कतै कमजोरी भएको हुनसक्छ। दुई तिहाई मतको स्थायी सरकार निर्माण भएको छ। त्यस अनुरूप जनताको आकांक्षा हुनु स्वभाविक हो। उच्च आकांक्षा छ भन्दैमा त्यही अनुरूप काम भइहाल्छ भन्ने छैन। त्यसका लागि केही समय लाग्छ। काम गर्न सक्ने सरकार निर्माण भएको छ, प्रधानमन्त्रीले 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा दिएर जनताको पक्षमा काम गर्ने वचन दिनुभएको छ। भूपरिवेष्टित राष्ट्र हो, हाम्रो समुद्रसँग सम्पर्क छैन। परनिर्भर हनुपर्ने अवस्था छ, बैंकहरूमा तरलताको अभाव छ, बेरोजगारीको समस्या व्याप्त छ, युवा जनशक्ति विदेश पलायन भएका छन्, उद्योगभन्दाहरू कम छन्। यस्ता धेरै समस्याहरू अहिले पनि विद्यमान् छन्। यस्ता समस्याहरूको बीचमा २ वर्षभित्रैमा देशमा कायापलट हुन्छ भन्ने छैन। क्रमशः सुधार हुँदै गएको छ। रेमिट्यासमा बृद्धि भएको छ, वैदेशिक लगानी भित्रिने क्रम बढ्दो छ, पर्यटन उद्योग फस्टाएको छ। यस्तै युवाहरूमा देशमै केही गर्नुपर्छ भन्ने भावना विकास हुन थालेको छ। यसरी हेर्दा सुधारका संकेतहरू देखिँदै गएको पाइन्छ।

**० तर, यो सरकारले काम भन्दापनि आश्वासन मात्र बढि बाँडिहेको छ नि ?**

– हामीले चुनावको समयमा झुटो आश्वासन दिएका थिएनौं। रेल, पानीजहाज, मेट्रोको सम्भावना छ भन्नु त्यो झुटो आश्वासन होइन। जलयात्राको सम्भाव्यता विभिन्न ठाउँमा अध्ययन भइरहेको छ। हाम्रो भारत र चीनसँग कन्नेटिभिटी बढिरहेको छ। भारतबाट रेल नेपाल भित्रिसकेको छ। चीनको राष्ट्रपति नेपाल भ्रमणमा आएर फर्कनुभयो। उहाँले पनि रेलको सम्भावनालाई महत्व दिनुभएको छ। यसरी हेर्दा सरकारले आश्वासन मात्र दिएको छैन, काम पनि गरिरहेको छ भनेर बुझ्नुपर्छ। विरोधै मात्र गर्नेहरूका लागि त यो सरकार छिट्टै समाप्त होस्, यो सरकारले जनतालाई देखाएको सपना पूरा नहोस् भन्ने सोच राख्नेहरूले हरेक काम गराईमा विरोध गरिरहेकै हुन्छन्। हाम्रो केही बाध्यताहरू पनि छन्। हामीसँग पूँजीको अभाव छ, दक्ष जनशक्तिको अभाव छ, बाटोघाटोको समस्या छ, निर्माण साम्रागीहरू बाहिरबाट आयात गर्नुपर्ने अवस्था छ। त्यसैले भन्ने बित्तिकै परिवर्तन सम्भव छैन, कमजोरीहरू सुधार गर्दै अगाडि बढ्नुपर्छ। आउने ५ वर्षमा यो देशको स्वरूप परिवर्तन हुन्छ।

**० प्रतिपक्ष दलले लगाउँदै आएको आरोपको सरकारले खण्डन मात्र गर्ने गरेको छ, सरकारले त्यसरी खण्डन गर्नुपर्ने आवश्यकता छ ?**

– सरकारले खण्डन गर्ने होइन जनतालाई काम गरेर देखाउने हो। सरकारले काम गर्नुपर्छ, जनतालाई सन्तुष्टि दिनु पर्छ। शिक्षा, स्वास्थ्यको स्थितिमा सुधार गर्नु पर्छ, बाटोघाटो, पुल निर्माण, रोजगारी सिर्जना गर्नुपर्ने छ। यस्ता सबै काममा सरकार लागिरहेको छ। निम्न आय भएका गरिब जनतालाई समाजिक सुरक्षा भत्ता दिने विषयमा पनि सरकारले काम सुरू गरिसकेको छ। हामीले कम समयमा धेरै राम्रा कामहरूको सुरूवात गरेका छौं। जनताको आशालाई हामी निराशामा परिवर्तन हुन दिँदैनौं।

**० सरकारको नेतृत्व परिवर्तनको विषयमा पनि पार्टी भित्र विवाद छ। ५ वर्षसम्म नै केपी ओली नै प्रधानमन्त्री रहनुहुन्छ कि प्रचण्ड आउने सम्भावना छ ?**

– केपी ओली पनि एक सक्षम प्रधानमन्त्री हुनुहुन्छ। प्रचण्डज्यूपनि पहिले नेतृत्व गरिसक्नुभएको व्यक्ति हुनुहुन्छ। पार्टीको एउटा सिद्धान्त छ, एउटा दृष्टिकोण छ, त्यसमा नेतृत्व जसले गर्दापनि केही फरक पर्दैन। पार्टी एक होस्, देशमा स्थायित्व होस्, शान्ति होस् भन्ने सबैको धारणा छ र ओली र प्रचण्डज्यूको धारणा पनि त्यही हो। उहाँहरूको बीचमा कुनै किसिमको मतभेद छैन। सरकार परिवर्तन हुने वा नेतृत्व परिवर्तन हुने अहिले कुनै सम्भावना छैन।

**० उच्चपदस्थ व्यक्तिहरूको विषयमा विभिन्न काण्डहरू बाहिरिएका छन्। यसरी हेर्दा संसदीय व्यवस्थालाई नै असफल बनाउने षड्यन्त्र भईरहेको हो कि ?**

– पूर्वसभामुख कृष्णबहादुर महरा र कांग्रेसका सांसद अफताब आलमको बिषयमा अहिले बहस भइरहेको छ। उहाँहरू दोषी प्रमाणित भइ सक्नुभएको छैन। यदि उहाँहरू दोषी देखिनुभयो भने पनि उहाँ आबद्ध हुनुभएको पार्टी वा संसदीय व्यवस्था नै गलत हो भन्न मिल्दैन। व्यक्तिगत रूपमा विश्वमा नै ठूला-ठूला नेताहरू दोषी ठहर भएका छन्। गलत गर्ने व्यक्तिले सजाय पाउनैपर्छ। यसबाट देशमा अहिले भएको व्यवस्थामाथि नै दोष दिनु गलत हो। सबै व्यक्तिको व्यक्तिगत जिन्दगी हुन्छ। उीहरू सबैको जिम्मेवारी सरकारले लिन सक्दैन।

**० छिमेकी मित्रराष्ट्र भारत र चीनबाट उच्चस्तरीय भ्रमणहरू हुँदै आएको छ। भर्खरै चिनियाँ राष्ट्रपतिको भ्रमण पनि भयो। यसबाट नेपालको परराष्ट्र नीति कस्तो रहेको पाउनुभएको छ ?**

– हरेक देशसँग नेपालले राम्रो सम्बन्ध राखेको छ। नेपालको परराष्ट्र नीतिमा कहिँकतै समस्या छैन। जुनसुकै पार्टीको सरकार बने पनि परराष्ट्र नीतिमा समस्या भएको छैन।

**० अहिले कम्युनिष्ट नेतृत्वको सरकार चीनतिर बढी ढल्किएको भन्ने गरिन्छ ?**

– चिनियाँ राष्ट्र प्रमुखको भ्रमण हुँदा चीनतिर ढल्किएको जस्तो लाग्छ र भारतका राष्ट्र प्रमुखको भ्रमण हुँदा भारततिर ढल्किएको जस्तो लाग्छ। यो एकथरी मानिसहरूको समस्यै रहेको छ। नेपाल एउटा सानो देश हो। हामीले दुवै छिमेकीसँग फाईदा लिएर देश विकसित गर्नुछ। त्यसैले हामीले कतैतिर ढल्किएर भन्दा पनि विदेश नीतिलाई सन्तुलित राखेर अगाडि बढ्नुपर्छ। भारत र चीनसँग राम्रो सम्बन्ध बनाउने हो भने हाम्रो आर्थिक स्थितिमा सुधार आउँछ।

**० नेपाल कम्युनिष्ट पार्टी 'सी पथ'मा अगाडि बढेको छ पनि भनिन्छ ?**

– यो नामको मात्र कम्युनिष्ट पार्टी हो हामी उदारवादी हौं। उद्योगी व्यवसायीले राहत पाएका छन्, लगानीको वातावरण बन्दै गएको छ। कतै पनि कम्युनिज्म देखिँदैन। चीनले हाम्रो देशमा बाटोघाटो निर्माण गरिदिन्छ, रेल ल्याइदिन्छ, बोर्डर खोलिदिन्छ भने हामी चीनतिर ढकिल्न मिल्दैन। अहिले युद्ध गर्ने समय होइन। व्यापार गर्ने समय हो। चीनतिर ढल्किएको भन्नु भ्रम मात्र हो।

**० नेकपाले त चिनियाँ कम्युनिष्ट पार्टीसँग सहमति पत्रमा हस्ताक्षर नै गरेको छ नि ?**

– त्यो कुनै कम्युनिष्ट सम्बन्धी सहमति पत्र होइन। सहमति त भारतसँग पनि धेरै विषयमा भएका छन्। सरकार, पार्टी र देश चलाउन जे-जस्ता विषयमा सहमति हुनुपर्ने हो त्यही विषयमा सहमति भएको छ।

**० तपाई उद्योगी व्यवसायी पनि हुनुहुन्छ अहिलेको समयमा नेपालको आर्थिक अवस्था कस्तो देख्नुहुन्छ ?**

– नेपालको आर्थिक अवस्था धेरै राम्रो छैन। हामीसँग पूर्वाधारको कमी छ, जनशक्तिको अभाव छ, निर्माण सामाग्रीको अभाव छ। त्यसैले समस्याहरू धेरै छ। गर्नुपर्ने काम धेरै बाँकी छ। बिस्तारै हामी अगाडि बढिरहेका छौं। निकट भविष्यमा यसमा सुधार ल्याउन सकिन्छ भन्ने आशा छ।

**० प्रधानमन्त्रीको समृद्ध नेपाल, सुखी नेपालीको नारा साकार बनाउन यो सरकार कत्तिको लागेको देख्नुहुन्छ ?**

– यो नारा साकार बनाउन सरकार एकदम लागिपरेको छ। देशको सम्प्रभुता र सम्पन्नताको दिशामा अगाडि बढ्न सरकारले काम गरिरहेको छ।

**० विश्वमा उदयीमान दुई छिमेकी राष्ट्र चीन र भारतसँग नेपालले लिनुपर्ने जत्ति सहयोग लिन सकिरहेको छ त ?**

– अझै पनि लिनुपर्छ। दुई देशको बोर्डरसँग हाम्रो कन्नेक्टिभिटी भइसकेपछि अझ बढी सहयोग लिन सक्छौं। अहिले हाम्रो दुवै देशसँग व्यापार घाटा उच्च छ। दुवै देशसँग हाम्रो सहमति भइरहेको छ। व्यापार घाटा कम गर्नका लागि अब हामी त्यहीँ दिशामा अगाडि बढ्छौं।

# नेकपा र कांग्रेस पनि 'मधेश प्रदेश'मा सहमत हुन्छन्

प्रदेशको नाम र राजधानीका लागि प्रदेशसभाको दुई तिहाई मत आवश्यक हुन्छ। हामी सामान्य बहुमतको हिसाबले चलिरहेका छौं, हामीसँग दुई तिहाइको बहुमत छैन। अब बस्ने प्रदेशसभाको बैठकले प्रदेशको नाम टुंगो लगाउँछ। हाम्रो प्रष्ट दृष्टिकोण छ कि प्रदेशको नाम 'मधेश प्रदेश' हुनुपर्छ।



**जितेन्द्र सोनल**

**भौतिक पूर्वाधार विकासमन्त्री, प्रदेश २**

**० प्रदेश २ को भौतिक पूर्वाधार विकास मन्त्रालयले अहिलेसम्म के-के काम गऱ्यो ?**

– पहिलो वर्ष मन्त्रालयको संरचना, कानून, योजना निर्माण गर्ने वर्षको रूपमा हामीले लियौं। त्यसैबीचमा भएका बजेटलाई जनताको महत्वाकांक्षाअनुसार कार्यान्वयन गर्ने दिशामा गयौं। सिंचाइसम्बन्धी कार्यहरू प्रारम्भ भयो, सडक निर्माणका कामहरू भएका छन्।

**० यहाँका जनताले प्रदेश सरकारको अनुभूति गर्न पाएका छन् ?**

– स्वाभाविकरूपले जनताले प्रदेश सरकारको अनुभूति अलि बढी नै गरेका छन्। किनकि हामीले दुई/तीन चरणमा कामहरूलाई विभाजन गऱ्यौं। जनकल्याणकारी काम, विकास निर्माणको काम र कानून निर्माणको कार्य। जनतासँग प्रत्यक्ष जोडिएका कामहरूमा जनताको घरदैलोमा सरकारको उपस्थिति हुने सवालमा हामी सबभन्दा बलियो रूपले उपस्थित भएका छौं। विभिन्न समयमा प्रदेश २ मा हुने प्राकृतिक विपदमा पनि जनतालाई सरकारको अनुभूति गराउन सफल भएका छौं। जनताको हरेक सुख-दुःखमा प्रदेश सरकारको साथ रहेको छ।

**० तपाइँ मातहतको मन्त्रालयका पाइपलाइनमा रहेका योजनाहरू के-के छन् ?**

– तीन/चार वटा प्रादेशिक महत्वका कामको रूपमा हामीले चयन गरेका छौं। प्रादेशिक सडकको रूपमा पूर्व सप्तरीदेखि पश्चिममा पर्सा जिल्लासम्म जोड्ने दुई सय ५० किलोमिटर कालोपत्रे सडकको हामीले प्रारम्भिक अध्ययन गरिरहेका छौं। दुई सय मेगावाट सोलार बिजुली उत्पादन गर्ने काममा अध्ययन सुरू भएर विभिन्न लगानीकर्तासँग कुराकानी भइरहेको छ। प्रदेशमा पहिला केन्द्रीय सरकारबाट जनता आवास कार्यक्रमअन्तर्गत पैसा आइरहेको थियो। 'खेत-खेतमा पानी, हात-हातमा काम' नाराअन्तर्गत यसपटक हामीले केही डीप ट्युवेल, सिंचाइका लागि ड्यामहरू निर्माण, कुलोहरू निर्माण गर्ने लगायतका कामहरू हामीले प्राथमिकताका साथ अगाडि बढाइरहेका छौं।

**० यस्ता महत्वाकांक्षी योजनाहरू सम्पन्न गर्न कतिको चुनौती देख्नुहुन्छ ?**

– सुरूमा हामीसँग जनशक्ति थिएन, अहिले पनि कमी छ। कार्यालयमा जति जनशक्ति हुनुपर्ने त्यति छैन। स्रोतसाधन सबभन्दा ठूलो कुरा हो। सिंचाइको उचित प्रबन्ध छैन। एउटा न्यूनतम् ड्याम बनाउन चार-पाँच करोडको खर्च आउँछ। सिंचाइमा हामीसँग थोरै बजेट हुन्छ। काम गर्नका लागि बजेट र स्रोतसाधनको आवश्यकता पर्छ। जनशक्ति र धनशक्ति दुईटैको आवश्यकता छ। यी दुईटै हाम्रो लागि अत्यन्त चुनौतीपूर्ण छ। हामी त्यसमा सचेत र गम्भीर छौं। हामीले केन्द्र सरकारसँग पनि विशेष प्याकेज माग गरिरहेका छौं। प्राकृतिक प्रकोपको सबभन्दा उच्च जोखिममा प्रदेश २ छ। यस प्रदेशमा बाढी, आगलागी, शीतलहर, खडेरी लगायतका प्राकृतिक प्रकोपहरू आइरहन्छ। प्राकृतिक प्रकोपको उच्च जोखिममा रहँदा पनि हामी मानव कल्याणकारी कार्यका निम्ति स्रोतसाधनको व्यवस्थापन हुनुपर्छ। केन्द्र सरकारले हामीलाई अलि विशेष प्याकेजको रूपमा दियो भने हामी सबै काम अगाडि बढाउन सक्छौं।

**० तपाइँहरू बजेट मात्रै माग गर्नुहुन्छ तर प्राप्त बजेट पनि पूर्णरूपमा खर्च भएको अवस्था हुँदैन नि ?**

– हामीले प्रदेश सरकारको हैसियतमा एउटा फूल फेजेज बजेट चलाउन पाएका छौं। त्यो बजेट पनि चलाउनका निम्ति हामीसँग त्यो बजेटको आधा अवधिसम्म कार्यालय र कर्मचारीको व्यवस्थापन भइसकेको थिएन। कार्यालय र कर्मचारी भएन भने बजेट कसले सञ्चालन गर्छ ? मन्त्रीले कतै पनि बजेट सञ्चालन गर्दैन। मन्त्रालय मातहतका कार्यालय र कर्मचारीले बजेट सञ्चालन गर्छन्। उनीहरूले मन्त्रालयले दिएको कार्यक्रमहरूलाई कार्यान्वयन गर्ने हो। गत वर्षको अवस्था यस्तो रह्यो। यो वर्षदेखि हामी सचेत छौं।

**० संघीय सरकारसँग प्रदेश सरकारको सहकार्य कस्तो छ ?**

– हामी सहकार्य र सहअस्तित्वमा विश्वास गर्छौं। अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान जारी भएको छ, त्यसमा सहकार्य र सहअस्तित्वको सिद्धान्तलाई आत्मसात गरिएको छ। यसमा प्रदेश सरकार गम्भीर छ। तर, केन्द्र सरकार यदि हाम्रो अधिकारलाई घोचपेच गर्छ, हाम्रो अस्तित्वलाई जहिले पनि धरापमा पार्ने प्रयास गर्छ भने हामीले संघीय सरकारसँग असन्तुष्टि राख्दै आएका छौं। तर, केन्द्र सरकारको नियत र मानसिकता सफा हुनुपऱ्यो। सिंहदरबारले चाहयो भने प्रदेश र स्थानीय सरकारको सहअस्तित्वलाई स्वीकार गरेर अगाडि बढ्यो भने मुलुकको विकासमा ठूलो टेवा पुग्न सक्छ।

**० अहिलेसम्मको अवस्था के छ ?**

– अहिलेसम्मको अवस्था साँच्चिकै भन्ने हो भने गरेको जस्तो पनि देखिने तर परिणाम केही पनि नआउने जस्तो छ। संविधानले प्रदेश र स्थानीय सरकारलाई जुन-जुन अधिकार दिएको छ, ती अधिकारहरू सहजताका साथ केन्द्रले तत् तत् सरकारलाई दिनुपर्छ। त्यो अधिकार प्रयोग गर्नका निम्ति केन्द्र सरकारले सहयोग गर्नुपर्छ। केन्द्र सरकारको सहयोग बिना प्रदेश र स्थानीय सरकार संस्थागत हुन सक्दैन।

**० लोकसेवा आयोगको विज्ञापनको सन्दर्भमा प्रदेश २ को सरकारले कानूनी उपचार खोज्ने भनेको थियो, त्यसमा के हुँदैछ ?**

– संविधानले एक प्रकारको आरक्षणलाई स्वीकार गर्ने, कोटालाई स्वीकार गर्ने र सरोकारवाला निकायहरूले त्यसलाई आत्मसात गरेन भने सबभन्दा दुःखद कुरा हुन्छ। लक्षित समुदाय वा जातलाई आरक्षण दिने सवालमा नियन्त्रण गर्न खोजियो भने असन्तुष्टिहरू बाहिर आउँछ नै।

**० प्रदेश सरकारले आफ्नै कर्मचारी र प्रहरी भर्नाका लागि विधेयकहरूसमेत पारित गरिसकेको छ, त्यसमा के हुँदैछ ?**

– आफ्नै कर्मचारी भर्नाका लागि प्रदेश सरकारले प्रादेशिक लोकसेवा आयोग गठन गरिसकेको छ। अब कर्मचारीका लागि प्रक्रिया अगाडि बढ्दैछ। प्रदेशको प्रहरी, कर्मचारी लगायत प्राविधिक जनशक्ति भर्ना कार्य अब अगाडि बढ्छ।

**० प्रदेश २ को नाम कहिलेसम्म टुंगो लाग्छ त ?**

– प्रदेशसभामा प्रदेशको नाम र राजधानीबारे प्रस्तावहरू दर्ता भइसकेका छन्। प्रदेशको नाम र राजधानीका लागि प्रदेशसभाको दुई तिहाई मत आवश्यक हुन्छ। हामी सामान्य बहुमतको हिसाबले चलिरहेका छौं, हामीसँग दुई तिहाइको बहुमत छैन। अब बस्ने प्रदेशसभाको बैठकले प्रदेशको नाम टुंगो लगाउँछ। हाम्रो प्रष्ट दृष्टिकोण छ कि प्रदेशको नाम 'मधेश प्रदेश' हुनुपर्छ।

**० प्रदेशको नाम र राजधानीको विषयमा सहमति जुटाउन प्रदेशसभामा छलफल हुनुपर्ने थियो, तर सम्वाद सुझाव आयोग किन गठन गरियो ?**

– त्यो आयोगले आम जनता र विभिन्न सरोकारवालाहरूको भावना बुझ्ने काम गरेको छ। सबै तहतप्काका व्यक्तिहरूको विचार आउन सकोस् हेतुले आयोग गठन भएको थियो। त्यसले प्रदेशका आठवटै जिल्लामा राय सुझाव संकलन गऱ्यो, सरकारले त्यो प्रतिवेदन बुझ्यो। तर, प्रतिवेदन जे आएपनि त्यसको सम्पूर्ण अधिकार प्रदेशसभामा छ। त्यसैअनुरूप प्रस्ताव दर्ता भएको छ। त्यो प्रतिवेदनको बहुमत राय सुझाव मधेश प्रदेशमै छ।

**० सत्तापक्षले मधेश प्रदेश भन्दैछ, प्रतिपक्षी नेकपा र कांग्रेसले त्यो स्वीकार गरिरहेको छैन। मधेश प्रदेश कसरी हुन्छ ?**

– यसमा हामी छलफल गर्दैछौं। हामीले नेकपा र कांग्रेससँग छलफल गर्छौं, यो हाम्रो पहिचान, ऐतिहासिकता, आन्दोलन, जनताको भावनासँग जोडिएको विषय हो। त्यसकारण कुनै पार्टीको मात्र नाम नभएर मधेश प्रदेश सहज हुन्छ। यसमा हामीले सहमति जुटाउने प्रयास गर्छौं। हामीलाई विश्वास छ कि यसमा नेकपा र कांग्रेसले पनि सहयोग गर्छ।

**० प्रदेश सरकारले मलेठ घटनाको प्रतिवेदन किन लुकाइरहेको छ ?**

– मलेठ घटनाको प्रतिवेदन प्रदेश सरकारले लुकाउँदैन, सार्वजनिक गर्छ। प्रतिवेदन लुकाउने भए छानबनिका लागि किन समिति गठन गर्थ्यो ? हामी अविलम्ब त्यसलाई सार्वजनिक गर्छौं।

**० तपाइँ राष्ट्रिय जनता पार्टी नेपालका महासचिवसमेत हुनुहुन्छ। राजपाको महाधिवेशन हुन्छ त ?**

– राजपा अध्यक्षमण्डलले यस विषयमा छलफल गर्दैछ। पार्टीलाई जीवन्तता प्रदान गर्न महाधिवेशन अत्यावश्यक छ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# कुरा एक रूपैयाँको !



राकेश प्रसाद चौधरी

वैदेशिक रोजगारबाट पठाइएको रकम निकाल्न जलेश्वरस्थित एक नीजि बैंकमा पुगेकी महिलालाई त्यहाँका कर्मचारीले तीनवटा एक रूपैयाँका सिक्का(डलर)दिए । किनभने अहिले चलनचल्तीमा एक दुई रूपैया नोट बजारमा उपलब्ध छैन । महिलाले त्यो सिक्काहरू बैंक कर्मचारी यो नचल्ने पैसा राखेर के काम भन्दै फर्काउन लागे । बैंक कर्मचारीले त्यो लिन मानेनन् र महिला सिक्का लिएर फर्किइन् ।

यस क्षेत्रको बैंकिङ्ग र सरकारी कारोवारवाहेकको हरेक ठाउँमा एक र दुई रूपैयाको सिक्का निधेषित क्षेत्र नै घोषणा भइसकेको पाइन्छ । उदाहरणको लागि सार्वजनिक बस ब्यबसायीले जलेश्वर-जनकपुर-भिठामोड सडक खण्डमा फिर्ता गर्नुपर्ने एक रूपैयाँ कहिल्यै फिर्ता दिदैनन् । सिक्का चल्न छोडिसकेको भन्दै बस ब्यबसायीले यात्रुलाई एक रूपैयाँ फिर्ता नदिनु समान्य लाग्न सक्छ । जनकपुर-जलेश्वरको भाडा ३९ रूपैया र भिठामोडसम्मको थप १० रूपैया छ । यो सडक खण्डमा मात्रै दैनिक दश हजार यात्रुलाई एक एक रूपैया फिर्ता दिइदैन । यो रकम एकबर्षमा ३६ लाख ५ हजार हुनजान्छ । यो बस ब्यबसायीको अबैध आम्दानी भन्दा पनि ठगि गरेको एक/एक रूपैयाँले लाख बनाउने सहज बाटो अपनाएको हो । यस सम्बन्धमा हेलो सरकारमा गुनाँसो समेत गरिएपनि कारवाही हुन सकेन । यस अर्थमा सरकारले समेत एक दुई रूपैयालाई खासै वास्ता नगरेको देखिन्छ ।

यो समस्या बस ब्यबसायीले एक रूपैयाँ फिर्ता नगरिनुसम्म मात्रै छैन् । ती बस ब्यबसायीले पनि बजारमा सामान किन्दा एक दुई रूपैयाको मतलब राख्दैनन् । कुरा त्यही मात्रै भएको भए ठिक थियो, तर समस्या बिकराल छ ।

ब्यापारीले नाफा मात्रै नभई अहिले अबैध रकम पनि खोज्छ । कसैलाई कूल जोडमा एकदेखि चार रूपैयाँसम्मको अंक छ भने पाँच रूपैया नै दिनुपर्ने बाध्यात्मक स्थिती बनाइएको छ । तर अस्तीसम्म काठमाण्डौमा दुई रूपैयाको सिक्का फिर्ता पाएको मेरो अनुभव छ । केही हप्तामा यो परिवर्तन भएको भए मेरो जानकारी नआएको हुनसक्छ ।

केही महिना अगाडि भारतको राजधानी दिल्लीमा रहँदा त्यहाँ एक रूपियाँको धेरै ठुलो महत्व रहेको अनुभव भयो । फिर्ता दिन आनाकानी नगर्ने र एक रूपैयाँको सिक्का लिन आनाकानी समेत नगर्ने देखियो । किनभने त्यहाँको दैनिकीमा एक रूपैयाँको पनि धेरै ठुलो महत्व रहेको छ । भारतको राजधानीमा मात्र नभई नेपालसँग सीमाना जोडिएको भारतीय बजारहरूमा समेत भारतीय एक रूपैयाँको सिक्का सहजै लेनदेन भएको हेर्न सकिन्छ । सिक्का नलिनेलाई त्यहाँको प्रहरीले कारवाही गर्न सक्ने स्थितीमा पनि छन् ।

नेपालमा एक, दुई रूपैयाँको ठगि गरेरै सानोदेखि ठुला ब्यापारीहरू लाखौंमा खेल्न थालेका छन् । यसतर्फ राष्ट्र बैंकको मात्र नभई कुनै सरोकारवालाको ध्यान पुगेको छैन । एक, दुई रूपैयाँ फिर्ता नदिँदा र त्यसको बहानामा थप दुई चार रूपैया ठगि गर्ने ब्यापारी र ब्यवसायीसमक्ष आमनागरिकले आत्मसम्पर्ण गरिसकेको देखिन्छ । कहिँ कतै बिरोध छैन । सबैले स्विकार गरिसकेको र राज्यले सिक्कामुक्त राष्ट्रको अनौपचारिक घोषणा गरि औपचारिक अभ्यास थालिसकेको छ ।

> अहिले एक दुई रूपैयाँको अघोषित सिक्कामुक्त राष्ट्र घोषणाले उपभोक्तालाई खर्चको भार थपेको छ । हेर्दा एक दुई रूपैया मात्र लाग्ने रकम हरेक नेपालीको टाउँकोमा जोड्दा कत्ति हुन्छ, जनसंख्या हेरेरै थाहा पाउन सकिन्छ ।

बजारमा एक, दुई रूपैयाको सिक्का अभाव भएको अवस्था नरहेको पाइन्छ । विभिन्न मठ मन्दिरमा अहिले पनि हजारौं र लाखौं रूपैयाको सिक्का छन् । यो सिक्का एकै पटक बैंकले पनि साट्न नमानेको गुनाँसो पनि नसुनिएको होइन ।

एक, दुई रूपैयाँको ठगि र बेइमानीले आमनागरिकको जीवनमा नराम्रो असर परेको केही उदाहरण यस्तो छ । दुई रूपैयाँको सामान किन्न आवश्यक पर्ने ठाउँमा पाँच रूपैयाको सामान किन्नुपर्ने बाध्यता छ । यो बाध्यताले गरिबलाई झनै गरिब बनाउने राज्यको नीति प्रष्ट देखिन्छ । किनभने बजार, ब्यबसाय, ब्यापारी र ब्यवसायीमाथि राज्यको पकड एकदम कमजोर छ । आवश्यकता नरहेपनि अधिक सामान किन्नुपर्ने र त्यसको खपत स्वत: बढ्नु पनि हो ।

एउटा टुथपेष्ट कम्पनिले अध्ययन थालेको रहेछ । उसको सामानको बिक्री किन नबढेको भनेर अध्ययन गर्यो । त्यसपछि त्यो कम्पनिले आफ्नो टुथपेष्टको मुख अलिक ठुलो बनायो । त्यसपछि त्यसको बिक्री बढ्यो । कारण के थियो भने थोरै पेष्ट निकाल्न खोज्दा पनि बढी निस्किने र त्यसमध्ये केही खेर जाने गर्‍यो । अहिले एक दुई रूपैयाँको अघोषित सिक्कामुक्त राष्ट्र घोषणाले उपभोक्तालाई खर्चको भार थपेको छ । हेर्दा एक दुई रूपैया मात्र लाग्ने रकम हरेक नेपालीको टाउँकोमा जोड्दा कत्ति हुन्छ, जनसंख्या हेरेरै थाहा पाउन सकिन्छ ।

# धार्मिक यात्राले सम्बन्ध समुधुर हुन्छ : प्रदेश प्रमुख



ब्रम्हानन्द ठाकुर, जनकपुरधाम । प्रदेश नं. २ का प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले नेपाल र भारत बिच हुने गरेको धार्मिक मैत्री यात्राले दुई देश बिचको सम्बन्ध झनै समुधुर हुने बताएका छन् । जानकी मन्दिर जनकपुरधामद्धारा आयोजित स्वमी श्री दिव्यानन्द महराजको स्वागत तथा अभिनन्दन समारोहलाई सम्बोधन गर्दे प्रमुख कायस्थले दुई देशबिच सनातन हिन्दु धर्मको सम्बन्ध अटुट रहेको बताएका छन् । दिव्यानन्द महाराजद्धारा भारतको जगन्नाथ पुरीदेखि नेपालको जनकपुरधाम हुँदै काठमाण्डौको पशुपतिनाथ मन्दिरसम्म हुन गईरहेको धार्मिक मैत्री यात्राले सनातन धर्मलाई जागृत गर्ने अभियानका रूपमा सदैव स्मरणीय रहने उनले बताए ।

साथै उनले जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख लाल किशोर साहसँग जनकपुरधामलाई उत्कृष्ट धार्मिक तथा पर्यटकिय नगरी बनाउन आवश्यक सहयोगका लागि प्रदेश तथा संघीय सरकारसँग सहकार्य गरेर अगाडि बढ्न सुझाव दिएका छन् ।

स्वामी दिव्यानन्द महाराज भारतको जगन्नाथ मन्दिर सिँहद्धारबाट जनकपुरधाम हुँदै काठमाण्डौको पशुपतिनाथ मन्दिरसम्मको मैत्री यात्रा गर्ने सिलसिलामा जनकपुरधाममा जानकी मन्दिरका महन्थले स्वागत तथा अभिनन्दन गरेका छन् । साथै आउँदो बिवाहपञ्चमी महोत्सवमा करीब सात सय जयन्ती लिएर जनकपुरधाम आउने जानकारी समेत गराएका छन् ।

कार्यक्रममा स्वामी श्री दिव्यानन्द महराज लगायत उनका शिष्य शँकर शरण परिदा, मनोज त्रिपाठी र परेश नायकलाई सम्मान गरिएको छ ।

कार्यक्रममा स्वामी दिव्यानन्दले दुई देश बिचको धार्मिक सम्बन्धलाई पुर्न जागृत गर्न मैत्री यात्रा निकालेको बताए । त्यस्तै, भौतिक पुर्वाधार तथा विकास मन्त्री जितेन्द्र सोनलले यस किसिमको धार्मिक यात्राले धार्मिक, साँस्कृतिक पक्षको विकास हुनुको साथै आर्थिक विकासमा समेत थप टेवा पुर्‍याउने बिश्वास व्यक्त गरे । कार्यक्रममा स्वागत मन्तव्य मेयर लाल किशोर साहले राखेका थिए भने अध्यक्षता जानकी मन्दिरका छोटे महन्थ राम रोशन दासले गरेका थिए ।

## मधेश अपडेट

### शिक्षामन्त्रीले शिक्षा धरासायी पारे : मुख्यमन्त्री राउत

राकेश यादव, रौतहट । प्रदेश २ का मुख्यमंत्री मोहमद लालबाबू राउत गद्दीले संघीय सरकारका शिक्षा, विज्ञान तथा प्राविधिमन्त्री गिरिराजमणि पोखरेलले शिक्षा माफियासित मिलेर शिक्षाको अवस्था धरासायी बनाएको आरोप लगाएका छन् । रौतहट जिल्लाको बौधिमाई नगरपालिकाअन्तर्गत सरमुजवामा समाजवादी पार्टीको नगर कार्य समितिद्वारा शुभकामना आदान प्रदान तथा साइकल वितरण कार्यक्रममा प्रमुख आतिथिको आसन्नबाट सम्वोधन गर्दै संघीयता विरोधी नेकपा सरकारका शिक्षामन्त्री पोखरेलले प्रदेश सरकारले गर्नु पर्ने कार्य संघीय सरकारले प्रयोग गर्दै आएकोले शिक्षाको अवस्था धरासायी भएको टिप्पणी गरे । उनले मानव सूचकांक, शिक्षा र स्वास्थ्यमा पछि रहेको प्रदेश २ लाई अझ पछाडि धकेल्ने दुष्प्रयास भैरहेको बताए । कृषि प्रधान प्रदेश २ रहेको जिकिर गर्दै मुख्यमन्त्री राउतले भने संघीयतालाई समाप्त पर्ने ठूलो षड्यन्त्र संघीय सरकारले गरिरहेको छ । बजेटमा विभेद, कर्मचारी आपूर्ति नगर्नु, समयमा बजेट नदिनु संघीयता कमजोर बनाउनु रहेको उनको ठहर रहेको छ ।

### लोकसेवा आयोगले पायो पूर्णता

जनकपुरधाम । प्रदेश नं. २ को लोकसेवा आयोगले पूर्णता पाएको छ । प्रदेश लोकसेवा आयोगले पूर्णता पाएसँगै आफ्नै कर्मचारी भर्ना प्रक्रिया पनि अगाडि बढ्ने भएको छ । सोमबार प्रदेश लोकसेवा आयोगको सदस्यमा डा. सुजाता देव र महारूद्र झाले शपथ ग्रहण गरेका छन् । प्रदेश प्रमुख रत्नेश्वर कायस्थले शपथ ग्रहण गराएका हुन् । उक्त अबसरमा मुख्यमन्त्री मो.लालबाबु राउत गद्दी, सभामुख सरोज यादव, आर्थिक मामिला तथा योजनामन्त्री विजय यादव, सामाजिक बिकाश मन्त्री नबल किशोर साह, उद्योग बन तथा पर्यटनमन्त्री राम नरेश राय, प्रमुख प्रतिपक्षी दलका नेता सत्य नारायण मण्डल, लोकसेबा आयोगका अध्यक्ष डा.सुरेन्द्र प्रसाद यादव, नीति आयोगका उपाध्यक्ष डा.भोगेन्द्र झासहितको उपस्थिति रहेको थियो । प्रदेश नं. २ को लोकसेवा आयोगको अध्यक्षमा यसअघि नै डा. सुरेन्द्र प्रसाद यादबलाई नियुक्त गरिसकेको छ ।

### विकासको काम स्थानीय तहले गर्नुपर्छ : मुख्यमन्त्री

नेपालगन्ज । प्रदेश ५ का मुख्यमन्त्री शंकर राज्यले विकास निर्माणका आधारहरू तयार गरेपनि विकासको काम स्थानीय तह नै गर्नुपर्ने बताएका छन् । बाँकेको खजुरा गाउँपालिकामा प्रदेश ५ कै पहिलो गाउँपालिका स्तरमा बृहत सम्मेलन आयोजना गरिएको खजुरा सम्मेलनको उद्घाटन गर्दै उनले सरकार विकासको गतिमा अघि बढेको बताए । पोखरेलले हरेक विकास योजनालाई जनतासँग जोड्नुपर्ने बताएका छन् । उनले जनताको साथ विनाका विकास योजना कहिल्यै पनि सफल नहुने भन्दै यसमा सबैको साथ र सहयोग लिएर अगाडि बढ्न सुझाए । अबको १० वर्षमा खजुरा गाउँपालिकाको भविष्य के हुने भन्ने विषयमा योजना बनाएर लाग्न अनुरोध गर्दै पोखरेलले प्रदेशका अन्य स्थानीय तहमा आफ्नो पहिचान फरक बनाउन आग्रह गरे । पालिकाको विशेषता र आवश्यकतालाई मध्यनजर गर्दै सोही अनुसारको विकास योजना बनाउन उनको लागि आग्रह छ ।

### कुमालहरूलाई भ्याईनभ्याई

विराटनगर । तिहार नजिकिएसँगै विराटनगरका कुमाल समुदायलाई माटोको भाँडो बनाउने हतारो बढेको छ । तिहारमा धनकी देवी लक्ष्मीको पुजा आरधनामा प्रयोग हुने माटोको दियो बनाउन यो सिजनमा माटोको भाँडा बनाउने कुमालेहरूलाई भ्याई नभ्याई हुन्छ । । लक्ष्मीपुजाको दिन दिपावली गर्न तथा बत्ती बाल्नका लागि माटोको दियो शुद्ध हुने भएकाले त्यही दियोमा बत्ती बाल्ने चलन परापूर्वकदेखि चल्दै आएको छ । माटोको सामाग्री बनाउने कुमालेहरूको लागि यो समय निकै व्यस्त रहने समय हो भने आम्दानी पनि राम्रो हुने समय हो । उनीहरू चिम्ट्याईलो माटोबाट दियो, घैला, कोसीया, कुहा, मटकुरी, खुत्रुके, हात्ती, ढकना, दलिया लगायतका समाग्रीहरू बनाउँछन् । त्यसबाट आएको आम्दानीबाट बर्षभरी घर खर्च चलाउने गरेका छन् । बिगत ५ बर्ष अघिसम्म राम्रै बिक्रि हुने माटाका भाँडा तथा दियोहरूको अहिले व्यापार घटेको माटोको सामाग्री निर्माण गर्दै आएका एक व्यापारीले बताए ।

### छठ व्रतालु महिलाहरूलाई साडी वितरण

वीरगंज । सामुदायिक प्रहरी साझेदारी अन्तर्गत ग्रीन सिटी सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरीले व्यवस्थित वीरगंज र बुमेश क्रिएसनको संयुक्त आयोजनामा कपडा बैंकले नयाँ कपडा वितरण गरेको छ । सो कपडा वितरण कार्यक्रम ग्रीन सिटी सामुदायिकको अध्यक्ष जयप्रकाश खेतानको अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि पर्साका प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद भट्टराई रहनु भएको थियो । प्रजिअ भट्टराईको हातबाट छठ पर्व गर्ने आर्थिक अवस्था कमजोर भएका तथा दलित ब्रतालु महिलाहरूलाई नयाँ साडी वितरण गरि शुभारम्भ गर्नु भएको थियो । कार्यक्रममा पर्साका प्रहरी नायब उपरिक्षक गौतम थापा, वीरगंज महानगरपालिकाका प्रशासकीय अधिकृत उमेश बस्नेत, पर्सा ट्राफिकका प्रहरी निरिक्षक राजकुमार सिंह, वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरिक्षक निर्मल पनेरू, आदर्शनगरका प्रनानी अरूण राय, रूंगटा वेलफेयर सोसाइटीका सुरेश रूंगटा, कविता खेतान, ज्योती रूंगटा, सामुदायिक सेवा केन्द्र छपकैयाका अध्यक्ष ग्यासुदिन मियाँ, सरफुदिन मियां, दिलिपराज कार्की लगायत संचारकर्मी तथा भद्रभलादमीको सहभागिता रहेको थियो ।

### सीमा बन्द गर्ने सपना नदेख्नु : यादव

रौतहट । पर्सा निर्वाचन क्षेत्र नम्बर १ का समाजवादी पार्टी नेपालका प्रतिनिधिसभा सदस्य प्रदीप यादवले नेपाल भारत सिमा सील गर्ने सपना नदेख्न संघीय सरकारलाइ सुझाव दिएका छन् । नेपाल र भारत विचको सम्वन्धमा दुरी ल्याउने षड्यन्त्र भैरहेकोले सवै मधेशी समुदाय चनाखो भएर बस्नुपर्ने आवश्यकता रहेको उनले बताए । रौतहट जिल्लाको सदरमुकाम गौरमा ‘मिडिया फर बोर्डर हार्मोनी’ एवं गौर नगरपालिका कार्यालयको संयुक्त तत्वाधानमा आयोजना गरिएको नेपाल भारत मैत्रीपूर्ण संवाद कार्यक्रममा सम्वोधन गर्दै सांसद यादवले सिमा सील गर्न खोजे मधेशी समुदाय माथि डोजर चलाउनु पर्ने चेतावनी दिए । नेपालका मिडिया काठमाण्डौबाट र भारतका मिडिया दिल्लीबाट मधेशको सिमा समस्या हेर्ने गरेको र दुवै देशको सम्वन्ध बिगार्ने प्रयास गरिरहेकोले त्यस्ता तत्वलाई मीडियाको माध्यमबाट तह लगाउनु पर्ने धारणा पनि व्यक्त गरे । सांसद यादवले खुल्ला बोर्डर मधेशीको लागि ठूलो बरदान रहेकोले बन्द गर्ने दुष्प्रयास गरे ठूलो दुर्घटना हुने चेतावनी दिए ।






## भावपूर्ण श्रद्धाञ्जली



जन्म २००५।०४।१०

निधन २०७६।०६।२०

स्व.लुटनीदेवी

यस मधेशवाणी साप्ताहिकका कार्यकारी सम्पादक रामसुकुल मण्डलका ममतामयी आमा **श्रीमती लुटनीदेवी**को असामयिक निधन भएकामा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै चीरशान्तिको कामना एवं शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**मधेशवाणी परिवार**

# मुस्लिम समुदाय : राज्यबाट अपहेलित वा मुस्लिम नेतृत्वको अभाव ?



जाहिदा बानू

नेपाल एक बहुधार्मिक, बहुजातीय र बहुसांस्कृतिक देश हो । भौगोलिक, धार्मिक तथा सांस्कृतिक विविधता भित्र एकताको मालामा गासिएका नेपालीहरूको देश नेपाल हो । नेपाली समाज भित्र एकापसमा एकता र मैत्रिपूर्ण वातावरण छ । नेपालमा मुस्लिम जातिको धर्म, संस्कार, भाषा, रहनसहन, परम्परा, भेषभूषा, साहित्य, कलाकौशल ईत्यादी फरक रहेता पनि हामी नेपाली हौं भन्ने भावना यस समुदायका व्यक्तिहरूको रहेको छ । नेपालमा सदियौं देखि मुस्लिम समुदायको बसोबास रहदै आएको पाइन्छ ।

जनसख्याको हिसाबले मुस्लिम धर्मावलम्वीहरू अल्पसङ्ख्यक रहेता पनि यहाँ का आपसी सद्भाव र सहिष्णुता रहदै आएको छ । नेपालमा मुस्लिम समुदायका व्यक्तिहरूको बसोबास र उपस्थिति पेशा तथा जीबिकोपार्जनका कारण ७७ वटै जिल्लामा रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्यांक अनुसार नेपालको कूल जनसङ्ख्याको ४.४५ प्रतिशत अर्थात ११,६४,२५५ मुस्लिम जनसंख्या रहेको देखिन्छ । तर अन्य समुदाय संग सम्बन्धित धार्मिक, सामाजिक, आर्थिक, शैछ्यिक, राजनीतिक तथा प्रशासनिक छेत्रको विकासमा मुस्लिम समुदाय निकै पछाडि परेको छ । स्रोत साधनको सन्तोषजनक परिवेशको अनुभूति यस समुदायले गर्न सकिरहेको छैन ।

अधिकांश नेपाली मुस्लिम समुदाय गरिबीको रेखामुनी रहेको पाईन्छ । तूलनात्मक रूपले नेपाली मुस्लिमहरू अशिछ्यित र बेरोजगार छन । सामाजिक समावेशीकरणका लागि सार्वजनिक छेत्रमा छुट्टै आरक्षण कोटाको निर्धारण भएको छैन । धार्मिक तथा सांस्कृतिक महत्व राख्ने स्थलहरूको स्वामित्व स्थापित भएको छैन । मुस्लिम महिला र बालबालिका शिक्षा, स्वास्थ्य र पोषणमा पछाडि परेका छन् । मदरसा शिक्षा प्रणालीले समकछ्यता र औपचारिकता पाएको छैन । यस समुदायका मुख्य चाडपर्वहरूमध्ये ईद उल फित्र (ईद), ईदुल अज्हा (बका ईद) तथा मुहम्मद जयन्तीको दिन सार्वजनिक विदा दिन सरकारलाई ध्यानाकर्षण गराउनु पर्ने स्थिति रहेको छ ।

मुस्लिमहरूको विभिन्न पछ्यहरूको अन्वेषण र अनुसन्धान छैन । यस समुदायको हक, हित एवं अधिकारको निर्वाध उपभोग गर्न पाउने वातावरणको सीर्जना भएको छैन । प्रगति अर्थतन्त्रका तथ्याङ्कले मात्र नभई यस समुदायको मानिसको जीवनस्तर, सेवा, सुविधा, चेतनाको स्तर र खुशीलाई जाच्दा पनि वास्तवमा यो समुदायको उत्थान विकास हुन सकिरहेको छैन । नेपालमा मुस्लिम नागरिकहरू पिछ्डिएका अवस्थामा छन् ।

विदेशी इस्लामिक विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरेका मुस्लिम नागरिकले शैक्षिक उपाधीको मान्यता पाईरहेका छैनन । हज गर्न जाने हाजीहरूका लागी हज हाउस बन्न सकेको छैन । यस्ता विविध समस्याहरू नीतिगत रूपमा संसोधन गरी कार्यन्वयन गर्न र गराउन आवश्यक देखिन्छ । विद्धमान कानूनी व्यवस्था र नीति नियमहरूको समीक्षया, अनुगमन, मूल्यांकन गरी समयानुकूल संशोधन, परिमार्जन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्न जरूरी देखिन्छ । यी सबैको पछाडी यस समुदायमा मुस्लिम नेतृत्वको अभाव हो या हामीमा राष्ट्र प्रेम नभएर राज्यबाट नै अपहेलित छौं ? आखिर दोष कसको छ ?

मुस्लिम समुदायको मानिसको हृदयमा राष्ट्रप्रेम नभएको पनि अवश्य हैन किनकी एक नागरिकको हैसियतले आफ्नो देशको रक्षाका लागि आफूलाई परित्याग गर्नु, वाह्य आक्रमणबाट राष्ट्रलाई बचाउनु र नैतिक सिद्धान्तको रूपमा कानुन र सांस्कृतिको विकास गरेर आफ्नो गौरव बढाउनु नेपाली मुस्लिमहरूको पहिचान रहदै आएको छ । करिब २००७ साल देखिकै सेरोफेरोमा राजनीतिक व्यवस्था शुरू भएको बेला देखि नै प्रजातन्त्र, पञ्चायती व्यवस्था, पञ्चायती व्यवस्थाको पुनर्वहाली र पछिल्लो पटक प्राप्त गणतन्त्रमा नेपालका मुस्लिम जनसमुदायको पूर्ण सक्रियता रहेको छ । मुस्लिम समुदायहरूले आन्दोलनमा आफनो ज्यान समेत गुमाएका छन् । समाज परिवर्तनको लागि भएको क्रान्तिको अभ्यासलाई हेरियो भने मुस्लिम समुदायको अहम र विशिष्ट भूमिका रहेको पाईन्छ ।

> जुनसुकै पार्टीका मुस्लिम अगुवा किन नहोस पद र शक्तिको दम्भले आफ्नै समाजको कुरा नसुनेका उदाहरणहरू कयौं छन् । आफ्नै सामाजिक मुद्दाहरू पूरा गर्न सकिरहेका छैनन् । जब कुनै समुदाय भित्र नेता छन् भने त्यहाँका नेतृत्व हुनु पनि स्वभाविक हो । यो समुदाय पिछ्डिएको वर्ग उन्मुख कहिले बन्ने ।

यस्तो योगदानको बावजुद पनि राज्यबाट किन यस समुदायले बारम्बार उपेक्षयाको रूपमा लिनुपर्छ ? सामाजिक सङ्किर्णताको लडाई के अब पनि जातिगत रूपमा लड्नुपर्ने हो त ? यसो हो भने अवश्य पनि नेपाली राजनीतिले फड्को मार्न सक्ने छैन । राजनीति एक निस्वार्थ समाज सेवा जसलाई माध्यम बनाएर आफ्नो चिन्तनलाई परिस्कृत गर्दै आफ्नो समुदाय र जनताको हित र समग्र देशको विकासमा सामेल हुन सकिने उत्तम स्थान हो तर दक्षता, विद्धता, इमान्दारीता र शिक्षाको खडेरी भएका व्यक्ति जब नेता बन्न राजनीतिमा प्रवेश गर्छन तब समुदायको कल्याण भन्दा पनि आफू कसरी चर्चित बन्ने भन्ने चिन्तनमा लागेका हुन्छन् ।

आफ्नो पद तथा शक्तिलाई नीजि शासनको रूपमा लिने मुस्लिम नेताहरूलाई यस समुदायले मुस्लिम नेतृत्व मान्नु एउटा भ्रम हो । नेतृत्वको अभावमा नेताको मूल्य हुदैन । अर्थात जुन व्यक्तीमा नेतृत्वको छ्यमता हुदैन उ नेता बन्ने या भन्ने लायक हुदैन । नेता त्यो हो जसले नेतृत्व गर्छ, सुझाव दिन्छ, पथप्रदर्शन गर्छ, आदर्शको रूपमा काम गर्छ, सरकार र समुदायबीच सामञ्जस्य प्रदान गर्छ । नेताको अर्थ राज गर्नु नभएर जनसमुदायको जीवन सहजीकरण गर्नु हो । जब मानिस असभ्य अवस्थामा थियो र जंगलमा बसोबास गर्थयो तब पनि नेता हुन्थ्यो र आज जब उ सभ्यताको चरम शीखरमा पुगेको दावा गरिरहेको छ तब पनि नेता विभिन्न रूपमा प्रकट भएको पाइन्छ ।

युगान्तकारी परिवर्तन गर्न चाहने मुस्लिम राजनीतिक नेतृत्वले सामाजिक परिवर्तनलाई बुझ्न सकेको छैनन । साथै हामी मुस्लिम समुदाय पनि राज्य र नेतृत्व माथि आस्रित भयौं । समाजको उत्थानको लागि एकजुट हुन सकिरहेका छैनौं । एकाग्र भई आवाज उठाउन र दबाब दिन सकिरहेका छैनौं । वर्तमान नेताहरूमाथी नै विश्वास छैन भने दीर्घकालसम्म स्मरण गर्न लायकका नेता कहिले पाउछौं ? हामी कस्ता छौं, हाम्रो समाज कस्तो छ त्यही अनुसारको नेता हामीले पाउने हौं । नेतृत्व बलवान, वुद्धीमान, शिक्षित, इमान्दार, जवाफदेही र पारदर्शी हुनुपर्छ तर मुस्लिम समुदायमा हामीले यस्ता नेता पाएका छौं त ? पाएका छैनौं भने किन पाएनौं यो बहसमा हामी कहिल्यै प्रवेश नै गर्न चाहेनौं । अदूरदर्शी नेताले भींडलाई एकट्ठा गर्न सक्छ जबकी असल नेतृत्वले आन्दोलन चलाउँछ ।

खै त आन्दोलन ? खै समुदायलाई सन्तुष्टी प्रदान गरेको ? समुदायको समस्याहरू समाधानका लागि माग र दबाब खै ? जुनसुकै पार्टीका मुस्लिम अगुवा किन नहोस पद र शक्तिको दम्भले आफ्नै समाजको कुरा नसुनेका उदाहरणहरू कयौं छन् । आफ्नै सामाजिक मुद्दाहरू पूरा गर्न सकिरहेका छैनन् । जब कुनै समुदाय भित्र नेता छन भने त्यहाँका नेतृत्व हुनु पनि स्वभाविक हो । यो समुदाय पिछ्डिएको वर्ग उन्मुख कहिले बन्ने । यस्तो चिन्ताजनक अवस्थामा चिन्ता कसले लिने ? मुस्लिम समुदाय राज्यबाट अपहेलित वा मुस्लिम नेतृत्वको अभाव ?

**मंगलमय शुभकामना**

हिन्दूहरूको महान पर्व शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**उमाशंकर अरगरिया**
प्रमुख सचेतक
समाजवादी पार्टी

**मंगलमय शुभकामना**

हिन्दूहरूको महान पर्व शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुख शान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**अमरेश नारायण झा**
नेता
समाजवादी पार्टी

**मंगलमय शुभकामना**

हिन्दूहरूको महान पर्व शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**इन्दु शर्मा**
सांसद
नेपाल कम्युनिष्ट पार्टी

**मंगलमय शुभकामना**

हिन्दूहरूको महान पर्व शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**डा.सुमन कर्ण**
शहरी विकास तथा विपद्
न्यूनीकरण विज्ञ

## संक्षिप्त समाचार

### तिलोत्तमा र काठमाडौंबीच एसी बस सञ्चालन

बुटवल । पश्चिम नेपाल बस व्यवसायी प्रालिले रूपन्देहीको तिलोत्तमा नगरपालिकालाई काठमाडौंसँग जोड्ने उद्देश्यले पहिलोपटक मणिग्राम-काठमाडौं एसी (वातानुकूलित) बस सेवा शुरू गरेको छ । तिलोत्तमा नगरपालिकाले लगानी सम्मेलनका क्रममा यातायात क्षेत्रलाई पनि समृद्धिको आधार ठानेको र यस क्षेत्रका यात्रुहरूले बुटवल तथा भैरहवाबाट टिकट काटेर यात्रा गर्दा असहज हुने अवस्था देखिँदै आएकाले मणिग्राम-काठमाडौं एसी बससेवा सञ्चालन गरिएको पश्चिम नेपाल बस व्यवसायी प्रालिका अध्यक्ष दधिराम खरेलले जानकारी दिए । बसमा फ्रि वाइफाई, खाजा, पानीलगायतको समेत व्यवस्था छ । अब हरेक दिन काठमाडौंका लागि मणिग्रामबाट साँझ ७ बजे र काठमाडौंबाट मणिग्रामका लागि राति ८ बजे बस छुट्ने छ । मणिग्रामबाट काठमाडौंको भाडा प्रतियात्रु रू. १ हजार तोकिएको छ । बसमा तीनजना सुत्न मिल्ने गरी शिलिपर सिटको समेत व्यवस्था छ । उक्त सिटको भाडा प्रतियात्रु १५ सय तोकिएको छ ।

### प्रहरी विट स्थापना

नेपालगन्ज । बाँकेको कोहलपुर नगरपालिकाका विभिन्न स्थानमा अपराधिक गतिविधि बढेपछि स्थानीयको माग अनुसार प्रहरी बिष्ट स्थापनाका लागि नगरपालिकाकाले पहल सुरू गरेको छ । सो क्रममा कोहलपुर नगरपालिकाले कोहलपुर-६ रझेनामा अस्थायी रूपमा राखिएको प्रहरी बिटका लागि भौतिक साम्रगी सहयोग गरेको छ ।

### गोली हानी एकको हत्या

जनकपुरधाम । जनकपुरधाममा दिनदहाडै गोली हानी एक जनाको हत्या भएको छ । बुधबार बिहान वडा नम्बर १४ मुजेलियास्थित विद्युत प्राधिकरण नजिकै ४० वर्षीय मनोज साहमाथि गोली प्रहार भएको हो । गोली प्रहारबाट उनको मृत्यु भएको छ । स्थानीय पंकज चौधरीले पैसा माग्न जाँदा विवाद भएको गोली हानी हत्या गरेका हुन् । पक्राउ परेका पंकजको साथबाट प्रहरीले कटुवा पेस्तोल तथा गोली बरामद गरेको प्रहरीले जनाएको छ ।

### भरूवा बन्दुक बरामद

कैलाली । बर्दगोरीया गाउँपालिका-२ कुम्भियास्थित पिरूवा सामुदयिक बन नजिकबाट लोड गरी राखेको एक नाले भरूवा बन्दुक १ थान बेवारीसे अवस्थामा फेला पारी प्रहरीले बरामद गरेको छ । ईलाका प्रहरी कार्यालय सडकपुर बौनियाबाट खटिएको प्रहरीले उक्त भरूवा बन्दुक बरामद गरेको हो ।

### सर्वोच्चको फैसला न्यायोचित होइन

कैलाली । स्थानीय तहका जनप्रतिनिधिलाई पारिश्रमिक उपलब्ध गराउनु कानुनविपरीत भएको फैसला सर्वोच्च अदालतले गरेपछि जनप्रतिनिधिहरू गुनासो गर्न थालेका छन् । स्थानी तहका जनप्रतिनिधिहरूले यसो गर्दा भ्रष्टाचार बढ्ने उनको अनुमान छ । प्रदेशसभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन २०७५’ जारी गरेपछि स्थानीय तहका पदाधिकारीहरूले मासिक रूपमा पारिश्रमिक बुझ्दै आएका थिए । नगर तथा गाउँपालिकाका प्रमुख, अध्यक्ष, उपप्रमुख उपाध्यक्ष, वडाध्यक्ष र सदस्यहरूले मासिक पारिश्रमिक लिइरहेका थिए । जिल्ला समन्वय समितिका पदाधिकारीहरूले पनि सोही कानुनबमोजिम पारिश्रमिक सुविधा लिइरहेका थिए ।

### जुवातास खेलिरहेका ११ जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१८ तेजनगर बस्ने काली बहादुर पुनको घरमा जुवातास खेलिरहेका ११ जनालाई प्रहरीले पक्राउ गरेको छ । सुर्खेत बीरेन्द्रनगर नगरपालिका-३ बस्ने ४१ वर्षीय हरि थापा समेत ११ जनालाई नगद ६२ हजार रूपैयाँ र ३ बुक तास सहित मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

### उखु पेल्ने मेसिनसहित पक्राउ

कपिलवस्तु । यसोधरा गाउँपालिका-७ सोमडीबाट उखु पेल्ने मेसिनसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । भन्सार छलेर नेपाल ल्याउँदै गरेको करिब २ लाख रूपैयाँ मूल्य बराबरको उखु पेल्ने मेसिनसहित महाराजगंज नगरपालिका-२ बस्ने ६२ वर्षीय मुरली पासी र २५ वर्षीय बाबुलाल पासीलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त मेसिन सहित फेला पारी पक्राउ गरेको हो ।

### २८ जुवाडे पक्राउ

कैलाली । इलाका प्रहरी कार्यालय मालाखेतीले कैलालीबाट २८ जुवाडेलाई प्रकाउ गरेको छ । गोदावरी नगरपालिका-७ लालपुरस्थित वीबहादुर वलीले सञ्चालन गरेको वली होटलबाट उनिहरूलाई इलाका प्रहरी कार्यालय मालाखेतीको टोलीलेले पक्राउ गरेको हो । जुवा खेलिरहेको सूचनाका आधारमा प्रहरीले आइतबार राति २८ जना जुवाडेलाई एक लाख ५६ हजार ३८२ रूपैयाँसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कैलालीका निमित्त प्रवक्ता प्रहरी निरीक्षिक प्रकाशसिंह कार्कीले जानकारी दिए । पक्राउ परेकाहरूलाई जुवा ऐनअनुसार कारवाही गरिने प्रहरी निरीक्षक कार्कीले बताए ।

### हुण्डी कारोबारी पक्राउ

विराटनगर । हुण्डी कारोबारमा संलग्न रहेको अभियोगमा विराटनगरबाट प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा विराटनगर महानगरपालिका-१५ बस्ने ४९ वर्षीय बिनोद प्रसाद साह रहेका छन् । विराटनगर महानगरपालिका(७ स्थितमा अबैध हुण्डी कारोबार भइरहेको भन्ने सूचनाको आधारमा आइतबार साँझ साहलाई नगद ७ लाख १८ हजार ८ सय ६० रूपैयाँसहित पक्राउ गरेको मोरङ प्रहरीले जनाएको छ । पक्राउ परेका साहमाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### अवैध लागूऔषध सहित पक्राउ

रूपन्देही । बुटवल उपमहानगरपालिका-४ स्थित हाटबजारबाट करिब २ केजी अवैध लागूऔषध गाँजा सहित पाल्पा तिनाउ गाउँपालिका-६ बस्ने ४८ वर्षीया नरकुमारी गाहालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी बिट अम्मरपथबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा नर कुमारीले तरकारीको बोराभित्र लुकाई राखेको उक्त लागूऔषध गाँजा फेला पारी उनलाई पक्राउ गरेको हो ।

### सशस्त्र प्रहरीद्वारा पटका नष्ट

राकेश यादव, रौतहट । रौतहट जिल्लाको राजदेवी नगरपालिका ८ स्थित लक्ष्मीपुर बेलविच्छवामा रहेको सशस्त्र प्रहरी बल नेपाल बीओपीले विभिन्न मिति समयमा पक्राउ गरेको पौने २ लाख मूल्य बरावरको फटका नष्ट गरेको छ । चाडवाडको अवसर परेर भारतबाट अवैध रूपमा नेपाल भित्र्याउँदै गरेको अवस्थामा नेपाल भारतको सिमा क्षेत्रमा गस्ती गर्ने क्रममा पक्राउ गरिएको उक्त मूल्य बरावरको फटका नस्ट गरिएको हो ।

### लागूऔषधसहित थारू पक्राउ

कपिलवस्तु । बाणगंगा नगरपालिका-११ मैरी बस्ने १८ वर्षीय करण थारूलाई अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने धुलो ३ ग्राम ५ सय मिलीग्राम सहित सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा खटिएको प्रहरीले करणको घरमा तलासी गर्दा उक्त वस्तु फेला पारी उनलाई पक्राउ गरेको हो ।

### धनुषामा दुई पुल शिलान्यास

जनकपुरधाम । भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले धनुषामा दुई महत्वाकांक्षी आयोजनाको शिलान्यास गरेका छन् । मन्त्री महासेठले धनुषाको ढल्केवर-जनकपुर ६ लेन सडक खण्डको औरही पुल र जनकपुर-ढल्केबर सिंचाई नहर निर्माण कार्यको शिलान्यास गरेका हुन् । औरही पुल निर्माणका लागि ७४ करोड ७९ लाख ७२ हजार र नहर निर्माण कार्य ७० करोड ७५ लाख ४५ हजारमा ठेक्का लागेको छ । पुल र नहर आयोजनाको निर्माण सम्पन्न हुने म्याद तीन वर्षको छ । आयोजना समयमै सकिने ठेकेदार कम्पनीले जनाएको छ । नहर निर्माण भएपछि हजारौं जनताले सिँचाइ सुविधा पाउने छन् । यस्तै ६ लेनको सडकमै पहिलो पटक औरही पुल ६ लेनको बन्न लागेको छ ।




## नक्कली खुकुरी र शिखरको बिगबिगी



काठमाडौं। नेपाल र भारत सीमासँग जोडिएको प्राय बजारमा नक्कली चुरोट खुल्लेआम बिक्री वितरण गरिएको पाइएको छ। जनकपुर क्षेत्रमा नेपाली ब्राण्डका नक्कली चुरोट खुकुरी र शिखरको बिगबिगी बढेको छ। नियन्त्रण निकायको उदासीनताका कारण यस्तो समस्या देखिएको आम जनगुनासो छ। धनुषा तथा महोत्तरीको सहरी तथा ग्रामीण क्षेत्रमा नेपाली ब्राण्डकै भारतीय नक्कली चुरोटको बिक्री वितरण भइरहेको रहस्य खुलेको छ। यो समस्या यी दुई जिल्लामा मात्र नभई प्रदेश दुईका आठै जिल्लामा रहेको छ। जनकपुर भन्सारले धनुषाको गोदारस्थित सम्झना ट्रेडर्स र रूबी ट्रेडर्समा छापा मारेर १ लाख १४ हजार रूपैयाँभन्दा बढी मूल्यको खुकुरी र शिखर ब्रान्डको नक्कली चुरोट बरामद गरेको थियो। तर नक्कली चुरोट बिक्री गर्नेलाई अहिलेसम्म कुनै कारबाही भएको छैन। सामान बरामद गर्नुले मात्रै नपुग्ने भन्दै यसमा कारबाही प्रक्रिया अगाडि नबढेसम्म नक्कली समस्यामा कमी नआउने जानकारहरू बताउँछन्।

सरकारले नियम बनाए पनि नियमको कार्यान्वयन हुन नसकेकै कारण नेपाली बजारमा नेपाली ब्राण्डकै भारतीय नक्कली सूर्तीजन्य पदार्थको बिक्री वितरण एवं कारोबार हुँदै आएको जिल्ला प्रहरी कार्यालय धनुषाको कार्यालय टोलीले सो कुरा खुलाएको हो। धनुषाको यदुकोहा, सबैला, भठियन, भररिया, गोदार, महोत्तरीको जलेश्वर, मटिहानी, सम्सी, गौशला र सर्लाहीको मलंगवा हरिपूर्वालगायत स्थानमा छ्याप्छ्याप्ती रूपमा नेपाली ब्राण्डका खुकुरी र शिखर भारतीय नक्कली चुरोटको बिक्री वितरण भइरहेको छ।

सम्बन्धित निकायले ठोस रूपमा अनुगमन गर्न नसक्दा भारतसँग सीमा जोडिएका नेपाली क्षेत्रमा खुल्लेआम रूपमा नक्कली ब्राण्डका सूर्तीजन्य पदार्थ बिक्री भइरहेको छ भने राजस्व छली समेत हुँदै आएको आन्तरिक राजस्व कार्यालयले जनाएको छ। नक्कली भारतीय सूर्तीजन्य पदार्थ नेपाली बजारमा पाउन थालिएपछि नेपाली उद्योग धराशायी हुने स्थितिमा पुगेका छन्। नक्कली खुकुरी चुरोट र असली चुरोटमा अन्तर सम्बन्धमा सूर्य नेपाल प्रालिले सक्कलीमा गाढा रातो रंगको डिब्बा छ भने नक्कलीमा कम रातो रहेको जनाएको छ।

सक्कलीमा स्टिकर लोगो रहेको छ भने नक्कलीमा त्यस्तो केही हुँदैन। ती जिल्लाका सीमावर्ती क्षेत्रबाट महिनामा कम्तीमा ५ करोड रूपैयाँ बराबरको नक्कली चुरोट अवैध रूपमा भित्रिने गरेको दाबी स्वदेशी उत्पादकको छ। अवैध कारोबारीले प्रतिमहिना करिब ३ करोड रूपैयाँ अन्त: शुल्क छलेको अनुमान गरिएको छ। नियन्त्रणका निकायले कारबाहीमा खासै चासो नदेखाएको आरोप उत्पादक प्रतिनिधिले लगाएका छन्। आ.व.२०७५/०७६ मा अधिकतम् ८७% सम्म र सरदर सबै चुरोटमा ४०% भन्दा धेरैले कर बृद्धि गरिएको र आ.व. २०७६/०७७ मा थप १०% कर बृद्धि गरिएकोले एकाएक सूर्तिजन्य पदार्थ विशेष गरेर चुरोटको अवैध व्यापार उल्लेख्य रूपमा बढेको छ। अत्याधिक कर लाग्ने भएकोले कर छलेर बेचिने यस्ता नक्कली चुरोटमा अधिक नाफा हुने भएकोले अवैध व्यापार बढेको हो।

राजधानीमा छ्याप्पछ्याप्ती पाइने विदेशी कर छलेका चुरोटका अलावा स्वदेशी ब्राण्डका नक्कली चुरोट समेत तराईका बजारमा छ्याप्पछ्याप्ती पाइन थालेपछि स्वदेशी उद्योग समस्यामा पर्ने मात्र नभइ नेपाल सरकारले समेत उल्लेख्य राजस्व गुमाउने देखिन्छ। उद्योग सम्बद्ध स्रोतका अनुसार गैरकानुनी चुरोटका कारण राज्यले करिब २३० करोड र अन्य गैरकानुनी सूर्तिजन्य पदार्थका कारण वर्षेनी करिब ५७० करोड गरी कुल ८०० करोड बराबरको राजश्व गुमाइरहेको छ। तर राज्यले यसलाई कम गर्ने भन्दा करको दर बढाई कानुनी उद्योगलाई मात्र करको मारमा पार्ने नीति अङ्गिकार गरेको देखिन्छ।

यस्ता क्रियाकलापले सरकारी अनुगमनमा चुनौती खडा गर्नुका साथै सरकारी राजस्व उठ्ने करोडौं रूपैयाँको क्षति हुन पुगेको छ। यसमा सरकारी निकायले ध्यान नदिने हो भने अन्य सामानमा समेत नक्कली सामान भित्र्याउने डर जनमानसमा उब्जिने र समग्र देशले यसको घाटा बेहोर्नु पर्नेछ। यसमा सरकार मात्र नभई सो स्थानका उपभोक्ता समितिले समेत तदारूकताका साथ आवाज उठाउनु पर्ने देखिन्छ।


# मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**विजय यादव**
मन्त्री
आर्थिक मामिला तथा योजना, प्रदेश २



# मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**डा.उदयकिशोर तिवारी**
अध्यक्ष
राष्ट्रिय लोकतान्त्रिक प्राध्यापक संघ





# क्यान्सर

शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

स्वास्थ्य कार्यालय,
काठमाडौं, टेकु


## स्थानीय सम्वाद

# सर्वोच्चको फैसला स्वागतयोग्य



**राजीव रंजन यादव**
**मेयर, बौधीमाई नगरपालिका, रौतहट**

हामी लोकसेवाको परीक्षा पास गरेर कर्मचारीको रूपमा आएका होइनौं । हामी कुनै जागिर खानका लागि होइन, समाजसेवा गर्ने भावले राजनीतिमा लागेका थियौं । पहिला पनि हामीले आफ्नै खर्चबाट जनताको सेवामा खटेका थियौं ।

**० स्थानीय जनप्रतिनिधिले लिँदै आएको तलब संविधानविपरीत भएको भन्ने फैसला सर्वोच्च अदालतले गरेको छ, यसलाई कसरी लिनुभएको छ ?**

– सर्वोच्च अदालतले स्थानीय जनप्रतिनिधिले लिँदै आएको तलब संविधानविपरीत हो भन्ने जुन फैसला गरेको छ, त्यो ठिकै हो। सुरूमा दिँदै आएको थियो तर अहिले आएर गैरसंवैधानिक भनेर जसरी फैसला आयो यसमा सुरूदेखि नै यस्तो फैसला आउनुपर्ने थियो। सर्वोच्च अदालतको फैसलालाई हामी सम्मान गर्छौं।

**० भनेपछि अबदेखि तपाईंहरू बिना तलबभत्ता समाजसेवा गर्नुहुन्छ ?**

– हो, हामी बिना तलबभत्ता नै समाजसेवा गर्छौं। पहिला पनि बिना तलबभत्ता नै समाजसेवा गरिन्थ्यौं। विश्वको सादय यो पहिलो देश हो जहाँ प्रतिनिधिलाई तलबभत्ता दिइन्छ।

**० सर्वोच्चको यो फैसला कार्यान्वयन हुनुपर्ने तपाइँको माग हो ?**

– सम्मानित सर्वोच्च अदालतले फैसला गरिसकेपछि स्वत: लागू हुन्छ। किनकि सर्वोच्च अदालतको सर्वोच्चता कायम गराउनु हरेक नागरिकको कर्तव्य पनि हो।

**० जनप्रतिनिधिका आम्दानीका स्रोत के हुनेछ त ?**

– हामी लोकसेवाको परीक्षा पास गरेर कर्मचारीको रूपमा आएका होइनौं। हामीले कुनै जागिर खानका लागि होइन, समाजसेवा गर्ने भावले राजनीतिमा लागेका थियौं। पहिला पनि हामीले आफ्नै खर्चबाट जनताको सेवामा खटेका थियौं। आगामी दिनमा पनि जनताको सेवामा लागिरहने छौं।

**० सर्वोच्चको यस्तो फैसलाप्रति अन्य जनप्रतिनिधिहरूको कस्तो प्रतिक्रिया पाउनुभयो ?**

– यस फैसलाप्रति अनेक थरिका प्रतिक्रियाहरू आइरहेका छन्। सुरूमै यस्तो निर्णय किन आएन, पहिला दिइरहेको थियो अब किन नदिने लगायतका कुराहरू आइरहेका छन्। यो केन्द्रको बदमाशी हो भनेर अन्य जनप्रतिनिधिहरूले भनिरहेका छन्। तर, हामीले सर्वोच्चको फैसलालाई स्वागत नै गर्नुपर्छ।

**० बौधीमाई नगरपालिकामा तपाइँ जनप्रतिनिधिको रूपमा निर्वाचित भएको दुई वर्षभन्दा बढी समय भइसक्यो, यस अवधिमा के-कस्ता कामहरू गर्नुभयो त ?**

– यो नयाँ नगरपालिका हो। सुरू-सुरूमा यहाँ सबै क्षेत्र लथालिङ्ग अवस्थामा थियो। एउटा वडाबाट अर्को वडामा जान वा सदरमुकामसम्म जाने बाटो पनि थिएन, भवनहरू थिएन। यो अवधिमा हामीले हरेक क्षेत्रमा जनताले सन्तुष्टि पाउने गरी स्थानीय तहले आफ्नो औकादअनुसार राम्रो काम गरेको छ। यहाँबाट सदरमुकाम जाने, हुलाकी राजमार्ग जोड्ने बाटोहरू ढलान गरिएका छन्। स्वास्थ्य कार्यालयहरू निर्माण भएका छन्। जनतालाई सिधा फाइदा हुने हरेक क्षेत्रमा हामीले उल्लेखनीय काम गरेका छौं।

**० करिब दुई दशकदेखि स्थानीय तह जनप्रतिनिधिविहीन थियो, यस्तो अवस्थामा काम गरिरहँदा कतिको अप्ठ्याराहरू आए ?**

– नयाँ संरचना भएकोले सुरूमा पनि अप्ठ्याराहरू आएका थिए र अहिले पनि विभिन्न अप्ठ्याराहरू छन्। लामो समयको अन्तरालपछि स्थानीय सरकार आउँदा जनतामा ठूलो अपेक्षा देखियो। स्थानीय सरकारलाई असफल बनाउन कहीं न कहीं संघीय सरकारले रणनीति नै बनाएको जस्तो लाग्यो। किनभने नगरपालिकामा लगभग ५६ जना कर्मचारीको दरबन्दी रहेको छ, हामीसँग जम्मा चार वटा मात्रै कर्मचारी छन्। त्यसैले, जनताले चाहेअनुसारको काम गर्न हामीलाई अप्ठ्यारो भइरहेको छ। तर, पनि हामी अहोरात्र खटेर जनतालाई सेवा प्रदान गरिरहेका छौं।

**० प्रदेश २ का मुख्यमन्त्रीको बेटी बचाउ बेटी पढाउ अभियान तपाइँको नगरपालिकामा आएको छ ?**

– यो अभियान हाम्रो नगरपालिकामा पनि आएको छ। जस्तो कि गत माघदेखि प्रदेशमा जन्मिने छोरी लखपति भएर जन्मिने घोषणा अनुसार छोरीको बीमा कार्यक्रम सञ्चालन भएको छ। यस अभियानअन्तर्गत मुख्यमन्त्रीजीले हरेक विद्यालयमा कक्षा ८ मा अध्ययनरत् हरेक छात्रालाई साइकल वितरण गर्नुभएको छ।

**० तर, यस अभियानअन्तर्गत साइकल वितरण कार्यक्रम मात्रै देखिएको छ नि, यसले छोरीलाई बचाउन र पढाउन सकिन्छ ?**

– साइकल वितरण कार्यक्रम मात्रै छैन। प्रदेशमा छोरी बीमा कार्यक्रम पनि सञ्चालन भएको छ, स्वच्छता अभियान चलाइएको छ। लोकप्रियताका लागि साइकल वितरण गरिएको होइन कि छोरीहरूको मनोवल उच्च बनाउन पनि यो कार्यक्रम प्रभावकारी देखिएको छ। प्रदेशमा कुनै भर्ना खोल्दा ५० प्रतिशत पुरूष र ५० प्रतिशत महिला हुनुपर्ने अवधारणा पनि मुख्यमन्त्रीले ल्याउनुभएको छ।

**० सिंहदरबार गाउँ-गाउँमा बौधीमाई नगरपालिकाका जनताले महसुस गरेका छन् ?**

– सिंहदरबार गाउँ-गाउँमा भन्ने नारा आंशिकरूपमा यहाँका जनताले महसुस गरेका छन्। पहिला जन्मदर्ता बनाउन पनि जिल्ला विकास समिति कुद्नुपर्ने अवस्था थियो तर, अहिले वडा कार्यालयबाट नै भइरहेको छ। पक्कै पनि सिंहदरबार गाउँमा आएको अनुभूति गरेका छन् तर सोचेजस्तो छैन। संविधानमा हामीलाई धेरै अधिकार दिइएको छ तर ऐन कानूनहरू नबनिसक्दा हामीले पूर्णरूपम सिंहदरबार गाउँमा अनुभूति गराउन सकेका छैनौं। संघीय सरकारले स्थानीय तहलाई बदनाम गराउन सोच बनाएको जस्तो लाग्छ।

**० भनेपछि केन्द्रले नै सिंहदरबार गाउँमा दिन नचाहेको हो ?**

– हो, पक्कै पनि।

पत्रपत्रिकाबाट...

# सीको नेपाल भ्रमण : ठूला पूर्वाधार परियोजनामा किन भएन सम्झौताँ ?

काठमाडौं । चिनियाँ राष्ट्रपति सी जिनपिङको भ्रमणका लागि नेपालले तयार पारेको ठूला पूर्वाधार परियोजनामा सम्झौता हुन सकेन । नेपालले टोखा-छहरे सुरुङमार्ग, अरनिको राजमार्ग स्तरोन्नति, लेगुवाघाट-किमाथाङका सडन निर्माणका लागि चीनलाई बनाइदिन भन्दै प्रस्ताव तयार पारेको थियो । अझ केरुङ-काठमाडौं रेलमार्ग मोडालिटी नै तयार पार्ने पक्षमा नेपाल थियो ।



प्रधानमन्त्री केपी ओलीले सीको भ्रमण अघि पूर्वप्रधानमन्त्रीसँगको छलफलमा रेलमार्ग निर्माणको मोडालिटी तय हुने जानकारी दिएका थिए । तर चिनियाँ पक्षले केरुङ-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययन गर्ने सहमतिपत्रमा मात्रै हस्ताक्षर गरेको छ । नेपालले सी भ्रमणका ठूला परियोजना निर्माणमा ब्रेकथ्रु हुने अपेक्षा गरेको थियो भने राष्ट्रपति सीले शनिबार आयोजित रात्रीभोजमा ठूला परियोजनामा साथ दिने संकेतसहित मन्तव्यसमेत दिएका थिए । उनले रेलमार्ग निर्माणदेखि सुरुङ मार्गसम्मलाई सम्बोधन गरेर नेपाली पक्षलाई उत्साहित बनाएका थिए । तर भ्रमणको अन्तिम दिन सम्झैताको चरणमा भने ठूला पूर्वाधारभन्दा साना परियोजनामा हस्ताक्षर भएको छ । ठूला पूर्वाधार मात्रै होइन, व्यापारका विषयमा पनि कुनै ब्रेकथ्रु भएन । अहिले पनि नेपाली वस्तु निकासीमा क्वारेन्टाइनलगायतका समस्या यथावत् छ । चीनले ८ हजार ३० वस्तुलाई भन्साररहित सुविधा दिनपनि त्यो नेपालीले सहजरूपमा पाउन सकेका छैनन् । चीनले दिएको सुविधाअनुसार ८ अंकको भन्सार कोड भएको वस्तुले यस्तो पहुँच पाइन्छ । ८ अंक कोड भएको भनेको तोकिएको वस्तु मात्रै हुन्छ । नेपाली उत्पादन ८ डिजिटको नभएकाले यो सुविधाबाट नेपाल बञ्चित छ । यो मुद्दा पनि बैठकमा उठेन । भ्रमणमा व्यापार सहजीकरणका लागि दुई देशको वाणिज्य सचिवस्तरीय संयन्त्र र सिट्रस फ्रुट्स (कागती, सुन्तला, भोगटे) आदि चीन निकासीका लागि बाटो खुलेको छ । तर यो वस्तुमा नेपाल आफैं परनिर्भर भएकाले तत्कालै कुनै फाइदा हुने छैन । ठूला पूर्वाधारमा सम्झौतामा हस्ताक्षर नहुनुको अर्थ हो -धेरै हल्लाखल्ला गर्नेभन्दा कार्यान्वयनमा आउने परियोजनालाई मात्रै अघि बढाउने मनस्थितीमा चीन देखिन्छ । रेलमार्गको मोडालिटी नै टुंग्याउने भनिए पनि फिजिविलिटी अध्ययनका लागि द्विपक्षीय सम्भौता भएपनि अन्य आयोजनाको हकमा भने स्पष्ट रूपमा उल्लेख छैन । यो रेलमार्ग चिनियाँ आर्थिक र प्राविधिक सहयोगमा पूर्वसम्भाव्यता ( प्रि फिजिविलिटी) अध्ययन भइसकेको छ । चाइना फष्ट सर्भे एन्ड डिजाइन इन्स्टिच्युटले अध्ययन गरेको प्रतिवेदनले यो रेलमार्ग फिजिवल देखाएको थियो । चिनियाँ कम्पनीले तयार पारेको पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदनअनुसार यो रेलमार्ग करिब ७२ किलोमिटर हुनेछ । जसमा १७ किमिसम्मका ७ वटा टनेल हुनेछन् । ७० मिटरसम्म उचाइमा पुलहरूमा रेलमार्ग निर्माण गर्नुपर्छ । ९० प्रतिशतभन्दा बढी रेलमार्ग सुरूङमार्ग र पुलमा हुनेछ । २ खर्ब ५६ अर्ब रूपैयाँ लागत लाग्ने प्रतिवेदनमा भनिएको छ । निर्माण अवधि ९ वर्ष लाग्नेछ । अब दुई देशको वर्किङ कमिटिको बैठक बसेर निर्माण प्रक्रिया अघि बढ्ने रेल विभागका सिनियर डिभिजनल इन्जिनियर अमन चित्रकारले बताए । उनका अनुसार छिट्टै प्रक्रिया अघि बढ्नेछ । रेल विभागका पूर्वनिर्देशक अनन्त आचार्यका अनुसार रेलमार्ग निर्माणमा एक कदम अघि बढेको छ । उनले फिजिविलिटी तयार गर्नका लागि लामो समय लाग्ने भएकाले मोडालिटी अहिले नै टुंगो नलगाएको हुनसक्ने बताए । आचार्यका अनुसार नेपालमा डीपीआर भनिए जस्तै चीनमा फिजिविलिटी भनिन्छ । जसमा आयोजनाको डिटेल जानकारी हुन्छ । फिजिविलिटीमा सुरूङमार्ग, पुल बन्ने स्थानलगायतका सबैको माटो परीक्षणदेखि वान टु वान स्टडी हुन्छ । रेलमार्गका लागि अहिले २ खर्ब ५६ अर्ब रूपैयाँ लाग्ने प्रि फिजिविलिटी रिपोर्टले देखाएको हो । यो १५ देखि २० प्रतिशतसम्म तलमाथि पर्न सक्ने आचार्यले बताए । फिजिविलिटी गर्नका लागि कम्तीमा २ वर्ष लाग्ने अनुमान गरिएको छ । कतिपय स्थानमा हेलिकोप्टरमार्फत् इक्विपमेन्टहरू लगेर अध्ययन गर्नुपर्छ । तर यस्ता रिपोर्टहरू बनाउँदा आफ्नै लगानीमा बनाउँदा राम्रो हुने उनको तर्क छ । 'सित्तैमा पाँए भनेर लिनु एउटा कुरा होला तर उनीहरूले आफ्नो लागतमा गरेका कामा हामीसँग समन्वय हुँदैन, उनले भने-आफ्नै तालमा काम गर्छन् । अप्ठ्यारो पर्दा गुहार्छन् । उनका अनुसार रक्सौल-काठमाडौं रेलमार्गको फिजिविलिटीका लागि टेन्डर निकालेर सम्झौता गर्ने अन्तिम तयारी भइरहेको थियो । भारतले बनाइदिने भएपछि उसैलाई दिइयो । भारतीय पक्षले नेपाली प्राविधिकसँग कम छलफल गरे । भारतीय कम्पनीले रिपोर्ट बुझाईसक्यो तर त्यो कम्पनीको राम्रो जानकारी विभागलाई छैन । त्यस्तै, अर्थ मन्त्रालय र चाइना अन्तराष्ट्रिय विकास कर्पोरेसनबीच सुरूङमार्गका लागि एमओयु भएको छ । सम्झौतामा सुरूङमार्ग नै स्पष्ट छैन । सुरूमा वेत्रावती-स्याफ्रुवेसी सुरूङमार्ग पनि प्रस्ताव गरियो । अन्तिममा चिनियाँ पक्षले सुरूङमार्ग मात्रै उल्लेख गरेर सम्झौता गर्‍यो । 'हामी यो प्रोजेक्टमा सकारात्मक थिएनौं । पहिरो गइरहने दुई-तीनवटा ठाउँमा रक सेट टाइपको केही राखियो भने टनेल बनाउनुपर्दैन' भौतिक मन्त्रालयका एक सहसचिवले भने-'वार्ता टोलीबाट अनावश्यक प्रेसर आएर हामीले प्रस्ताव बनाएका हौं ।' ती सहसचिवका अनुसार यो सुरूङमार्गले ४-५ किमि मात्रै दुरी घट्छ । *ताजाखबर साप्ताहिकबाट*


## मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**अशोक यादव**
अध्यक्ष
आम आदमी पार्टी नेपाल

## मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**संजय कुमार गौतम**
सांसद
नेपाली कांग्रेस

## समयमै श्रम अडिट गरौं । जिम्मेवार प्रतिष्ठानको परिचय दिऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## उम्मेद्वार सिफारिस गर्न राजपाको निर्देशन

जनकपुरधाम । राष्ट्रिय जनता पार्टी (राजपा) नेपालले पनि मंसिर १४ गते हुने उपनिर्वाचनको तयारी थालेको छ ।



उपनिर्वाचन हुने ठाउँहरूबाट ३/३ जना उम्मेदवारहरूको सिफारिस गर्न सम्बन्धित जिल्लाहरूलाई पार्टीले निर्देशन दिएको छ । आगामी मंसीर १४ गते प्रतिनिधि र प्रदेशसभा तथा स्थानीय तहको विभिन्न पदको लागि हुने उपनिर्वाचनका लागि ३/३ वटा सम्भावित उम्मेदवारको नाम चयन गर्न संयोजक महन्थ ठाकुरले निर्देशन दिएका छन् ।

ठाकुरले जिल्ला संयोजकहरूलाई पत्र लेख्दै अध्यक्षमण्डलका सबै सदस्यहरूलाई अनिवार्य रूपमा बैठकको जानकारी गराई बैठक बसेर सोही बैठकबाट उम्मेदवारको नाम छनौट गर्न भनेका छन् । कात्तिक १३ गते अपरान्ह ५ बजेसम्म अनिवार्य रूपमा राजपाको केन्द्रीय कार्यालयमा उम्मेदवारको नाम पठाउन पत्रमा निर्देशन दिइएको छ ।

# जिल्ला समाचार

## सर्वसत्ता लाद्ने सरकारको षड्यन्त्र : ढुंगाना

रौतहट । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्व संगठन विभागका प्रमुख आनन्द प्रसाद ढुंगनाले सरकार मुलुकमा सर्वसत्ता एकात्मक सत्ता लाद्न खोजेको बताएका छन् । प्रजातन्त्र र नेपाली कांग्रेसलाइ सफाई गरेर आफ्नो प्रभुताको निमित एकात्मक सत्ता स्थापना गर्ने खोजेकोले यो असंभव रहेको दावी गरे । राजपुरमा भएको बम काण्डको आरोपमा पक्राउ परेका रौतहट निर्वाचन क्षेत्र नम्बर २ का निवर्तमान सांसद मोहमद आफताव आलमको विषयमा सत्य तथ्य बुझनको लागि रौतहट आउनु भएका ढुंगनाले गौरमा संचारकर्मीहरू सित कुराकानी गर्दै २०१६ साल देखि मुलुकमा प्रजातन्त्र स्थापनको निमित पुरै परिवार सहित देश र जनताको सेवामा समर्पित रहेका परिवारको आलमले यस्तो घटना गैर्न सक्छ भने विश्वास नरहेको बताए ।

## चार बालबालिकाको उद्धार

वीरगन्ज । वीरगन्ज महानगरपालिकालाई बालमैत्री महानगरपालिका बनाउने अभियानमा नगर प्रमुख विजय कुमार सरावगी आफै होमिएका छन् । बालश्रम अपराध हो भन्ने महानगरपालिकाले पटक पटक सुचित गरेपनि केहि होटल, रेष्टुरेन्ट तथा नास्ता होटलका संचालकहरूले अटेरी गरेर बालकहरूलाई श्रम गराएको सूचनाको आधारमा बिहिबारदेखि नगर प्रमुख सरावगीलो बालबालिकारूलाई उद्दार गर्ने अभियान आफ्नै नेतृत्वमा सुरू गरेका छन् । वीरगन्जको माइस्थान, मिना बजार र होटल क्राउन प्लाजाका नास्ता होटलहरूमा नगर प्रमुख सरावगीको नेतृत्वमा महानगरपालिकाले गरेका अनुगमनमा ४जना बालबालिहरूलाई उद्धार गरिएको हो । नगर प्रमुख सरावगीको नेतृत्वमा महानगरपालिका बालमैत्री फोकलपर्सन मुकेश गुप्ता, बाल हेल्प लाइनका प्रमुख मुकेश साह,जिल्ला प्रहरी कार्यालय महिला बालबालिका तथा जेष्ठ नगरिक सेवा केन्द्रकी प्रतिनिधि तनुजा श्रेष्ठ र अनिता राउत, बाल हेल्पका शम्भु साह र श्याम चौधरी लगायतकको टोलीले अनुगमन गर्दा बालबालिकाहरूको श्रम शोषण गरिएको पाएपछि उद्धार गरिएको जनाइएको छ ।

## समाजवादी धनुषाको समायोजन सम्पन्न

जनकपुरधाम । संघीय समाजवादी फोरम नेपाल र नयाँ शक्ति नेपालबीच एकीकरणपछि गठन भएको समाजवादी पार्टी नेपाल धनुषा समायोजन सम्पन्न भएको छ । समायोजित समितिको उपध्यक्षमा ज्ञानकुमार यादव, अम्बु साह, सचिवमा घनश्याम यादव लगायत चयन भएको छ । कार्यक्रममा प्रमुख अतिथी पार्टीका विजय कुमार यादवले मंसिरमा हुन लागेको उपनिर्वाचनमा जुट्न नेता कार्यकर्तालाई निर्देशन दिएका छन् । उपनिर्वाचनको परिणाम सम्बन्धित समितिको मार्कसिट हुने उल्लेख गर्दै अध्यक्ष यादवले अहिलेदेखि नै चुनावमा होमिन आग्रह गरे । कार्यक्रममा प्रतिनिधिसभा सदस्य उमाशकर अरगरिया, केन्द्रीय सदस्य महाजन यादव, उमेश साह, प्रदेश उपाध्यक्ष सुशील यादव, कोषाध्यक्ष रेणु यादव, धनुषा जिल्ला इन्चार्ज राम आशिष यादवसहितका वक्ताहरूले नवनिर्वाचित पदाधिकारी एवं सदस्यहरूलाई बधाई दिँदै नेता तथा कार्यकर्ताहरूलाई जोशजाँगरका साथ सङ्गठन निर्माणमा जुट्न आग्रह गरे । नवगठित कार्यसमितिको घोषणा प्रदेश समितिका मुख्यसचिव शम्भु झाले गरेका थिए ।

## म्याद सकिएका सामानहरूको बिगबिगी

भैरहवा । चाडपर्वको समयमा देशभरी नै अखाद्य सामानहरूको बिगबिगी भएको गुनासो बढ्ने गरेको छ । त्यसै गुनासो बढ्न थालेपछि नगरक्षेत्रभित्र रहेका किराना, खाद्यान्न, होटल तथा मिठाई पसलहरूमा सिद्धार्थनगर नगरपालिकाले बुधबार अनुगमन गरेको छ । नगरपालिकाको अनुगमन समितिले वडा नम्बर ५ र ६ मा रहेका खाद्य पसल तथा होटलहरूमा अनुगमन गरेको हो । अनुगमनका क्रममा म्याद सकिएका खाद्यवस्तु भेटिएपछि बरामद गरिएको अनुगमन समिति संयोजक एवं सामाजिक विकास शाखा अधिकृत यादवप्रसाद सापकोटाले जानकारी दिए । बढी ग्राहकको भीड लाग्ने खाद्यान्न र मिठाई पसललाई लक्षित गरेर अनुगमन गरिएको थियो ती पसलहरूमा केही न केही त्रृटिहरू पनि फेला परेको थियो । अनुगमन टोलीले खाद्यान्न पसल तथा होटलमा गरी १० वटामा अनुगमन गरेको थियो त्यसमध्ये एउटा पसलमा बाहेक अरू सबैमा त्रृटि भेटिएको थियो । त्यसरी म्याद सुकिएका साम्रगीहरू अनुगमन समितीले बरामद गरेको छ ।

## अस्पतालहरूमा रगतको अभाव

विराटनगर । विराटनगरका विभिन्न अस्पतालहरूमा रगतको व्यापक अभाव भएको छ । विभिन्न ठाउँबाट उपचारका लागि आएका बिरामीहरू रगत अभावमा समस्यामा परेका छन् । विराटनगरमा रहेको रेडक्रस सोसाईटी अर्न्तगत संचालनमा रहेको रक्तसञ्चार केन्द्रमा पनि रगतको अभाव भएको छ । रक्तसञ्चार केन्द्रमा 'ए पोजेटिभ, वि पोजेटिभ र एवी पोजेटिभ समुहका रगत सकिएको छ । दशैं लागे यता रक्तदान हुन छाडेका कारण रक्तसञ्चार केन्द्रमा रगतको अभाव हुन थालेको रक्तसञ्चार केन्द्र विराटनगरका प्राविधिक ईन्चार्जले जानकारी दिए । 'विरामीहरू दैनिक रगतको लागी आउने गरेका छन्, उनले भने, ' हामीसँग स्टकमा भएजति सबै रगतको खपत भईसकेको छ, विचमा दशै पर्व भएका कारण रगतको अभाव भएको हो ।' तत्काल रगतको अभाव पुरा गर्नको लागि रक्तदानको आबश्यकता रहेको छ । कसैलाई रक्तदान गर्न ईच्छा भए स्वयम ब्लड बैंकमा नै आएर रक्तदान गर्न आग्रह गरिएको छ ।

## कालिका टाईम्स दोस्रो वर्षमा प्रवेश

वीरगंज । कालिका टाईम्स प्रा.लि. वीरगंजद्वारा संचालित अनलाईन मिडिया कालिका टाईम्स डट कम एक वर्ष पुरा गरी दोस्रो वर्षमा प्रवेश गरेको छ । सो अवसरमा वीरगंजको पानीटंकी स्थित रहेको कालिका टाईम्सको कार्यालयमा एक कार्यक्रम बिच बार्षिकोत्सव मनाइएको छ । कालिका टाईम्सको निर्देशक छठु साहको अध्यक्षतामा भएको कार्यक्रममा कालिका टाइम्स संग आवद्ध भएकाहरू केक काटेर बार्षिकोत्सव मनाएका हुन । कार्यक्रममा वोल्दै निर्देशक छठु साहले विभिन्न बाद्धा र अडचनका साथ हामीले कालिका टाईम्स एक बर्ष पुरा गरेको वताउदै सहयोग गरेकोमा सबैलाई धन्यावाद ज्ञापन गरे । उनले अगामी दिनमा अझै प्रकाशसन समाग्री सदृढ गर्दै तथ्यको अधारमा प्रभावकारी ढंगले प्रकाशन गर्ने प्रतिबद्धता जनाए ।

## पोखरीमा डुबेर एक जनाको मृत्यु

इमरान खान, कपिलवस्तु । कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिका वडा नं. ६ शिशवा गाउँमा पोखरीमा डुवेर एक जनाको मृत्यु भएको छ । पोखरीबाट भैसीलाई निकाल्ने क्रममा ५५ वर्षको फुलीराम गडरीया को मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जनाएको छ ।

झापा । नेपालको सबैभन्दा ठूलो औद्योगिक पार्क बन्ने प्रकृया सुरू भएको छ । पार्क बन्न लागेकोमा स्थानीय जनता उत्साहित भएका छन् । झापाको दमक नगरपालिका, गौरादह नगरपालिका र कमल गाउँपालिकाको १६ सय हेक्टर (२२ सय बिगाहा) क्षेत्रफलमा नेपालको सबैभन्दा ठूलो आद्योगिक पार्क बन्न लागेको हो । औद्योगिक पार्क बन्न लागेको क्षेत्रमा लगानी बोर्डको नेतृत्वमा विशेष निरीक्षण कार्य भएको छ । लगानी बोर्डका सिइओ महाप्रसाद अधिकारीको नेतृत्वमा गएको टोलीले पार्क बन्न लागेको क्षेत्रको जग्गा निरीक्षण गरेको हो । निरीक्षण टोलीमा नेपाल औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष नन्दकिशोर बस्नेत, चीन-नेपाल मैत्री औद्योगिक पार्कका अध्यक्ष गोविन्द थापा लगायत छन् । निरीक्षण टोलीले स्थानीय वासीसँग भेटघाट तथा अर्न्तक्रिया गरेको छ । अर्न्तक्रियामा नेपाली कांग्रेसका नेता पदम सेढाईले औद्योगिक पार्कमा आफ्नो पाँच विगाहाभन्दा धेरै जग्गा परेको बताउँदै देशका लागि र आफ्ना सन्ततिका लागि जग्गा अर्पण गरेको बताए । उनले औद्योगिक पार्क निर्माणमा झापाका जनता एकढिका छन् भन्दै विकासमा राजनीति नगर्न आग्रह गरे । उनले राजनीति चाहिँ विकासका लागि हुनुपर्ने बताए ।

# राष्ट्रपति भण्डारी र भारतीय समकक्षीबीच भेटवार्ता



काठमाडौं । जापानका सम्राट नोरूहितोको गद्दी आरोहण विशेष समारोहमा जापानमा रहेका राष्ट्रपति विद्यादेवी भण्डारी र भारतका राष्ट्रपति रामनाथ कोविन्दबीच भेटवार्ता भएको छ । राष्ट्रपति भएपछि यो उनीहरूको पहिलो भेटघाट हो । सो अवसरमा भारतीय राष्ट्रपति कोविन्दले आफूलाई नेपाल भ्रमण गर्न निमन्त्रणा दिएकामा राष्ट्रपति भण्डारीलाई धन्यवाद व्यक्त गर्दै भ्रमणको निमन्त्रणा स्वीकारी कूटनीतिक तहबाट भ्रमणको व्यवस्था मिलाइने जानकारी दिए । सन् २००६ मा सांसद हुँदा भने कोविन्दले नेपाल भ्रमण गरिसकेका छन् । सो अवसरमा दुवै पक्षबाट नेपाल-भारत सम्बन्धमा सन्तोष व्यक्त गर्दै यसलाई अझ व्यापक, फराकिलो, गहन र बहुआयामिक बनाइने दृढता व्यक्त गरियो । भारतबाट सहयोग प्राप्त आयोजनाहरूले नेपालमा तीव्रता पाएकाबारे छलफल हुनाका साथै पेट्रोलियम पाइपलाइन निर्धारित समयभन्दा छिटो बन्नु नमूनायोग्य काम भएको भेटवार्तामा उल्लेख गरिएको छ । दुवै पक्षले अन्य आयोजना पनि छिट्टै बन्ने विश्वास व्यक्त गरे । नेपालले गुरूनानकको जन्मजयन्तीमा तीन थरि सिक्का निष्काशन गरेकामा र गान्धी जयन्तीमा प्रकाशित कृतिमा प्रधानमन्त्री केपी ओली शर्माको लेख समेटिएकामा पनि भारतले नेपाललाई धन्यवाद दिएको छ ।

# नेपाली अधिकारीहरूको भारतमा प्रशिक्षण




काठमाडौं । नेपाल सरकारका १८ अधिकारीहरूको दोस्रो समूहले सोमबारबाट भारतको बेंगलूरस्थित National Academy of Customs, Indirect taxes and Narcotics (NACIN) मा "सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण" बारे प्रशिक्षण सुरू गरेका छन् । नेपाल सरकारको अनुरोधमा कूल ६० अधिकारीहरूको लागि तयार पारिएको यो एक विशेष कोर्ष हो । नेपाल सरकारका विभिन्न निकायहरूको क्षमतालाई अभिवृद्धि गर्ने भारत सरकारको प्रतिबद्धताको उदाहरणको रूपमा यस कार्यक्रमलाई लिइएको छ । भारत सरकारको पूर्ण सहयोग रहेको सो कोर्ष भारतीय विदेश मन्त्रालयको प्राविधिक तथा आर्थिक सहयोग (ITEC) कार्यक्रम अन्तर्गत रहेको छ । यस प्रशिक्षणले कार्यक्रममा सहभागी अधिकारीहरूको सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी मामिलाहरूलाई प्रभावकारी ढङ्गबाट सामना गर्न सक्ने क्षमतालाई अभिवृद्धि गर्नेछ । २० नेपाली अधिकारीहरूको पहिलो समूहले २०७६ भाद्र ७ गते ६ दिने प्रशिक्षण मोड्युल सफलतापूर्वक सम्पन्न गरेका थिए । २१ नेपाली अधिकारीहरूको तेस्रो समूहले यही मंसीर-पौष महिनादेखि प्रशिक्षण सुरू गर्नेछन् । वित्तीय अनुसन्धान एवम् सम्पत्ति शुद्धिकरण क्षेत्रमा NACIN भारत सरकारको अत्याधुनिक शिक्षण सुविधा सहितको प्रमुख प्रशिक्षण संस्थान हो । यो एशिया /प्रशान्त क्षेत्रका लागि विश्व भन्सार संस्थाको एक मान्यताप्राप्त क्षेत्रीय प्रशिक्षण केन्द्र हो र अन्य अन्तर्राष्ट्रिय संस्थाहरू जस्तै UNEP, UNODC, SASEC आदिसँग मिलेर काम गर्दछ ।

# भारतले नेपाललाई धेरै महत्व दिएको छ : नेता नेपाल



पर्सा । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का वरिष्ठ नेता माधवकुमार नेपालले राजनीति 'पेशा' नभएको बताएका छन् । नेकपाको वीरगन्ज महानगर कमिटीले वीरगन्जमा गरेको दीपावली तथा छठ पर्वको शुभकामना आदानप्रदान कार्यक्रममा वरिष्ठ नेता नेपालले यस्तो बताएका हुन् । राजनीतिलाई पेशाका रूपमा नलिई जनताको सेवकका रूपमा लिनु पर्ने उनले बताए । 'राजनीति जनतालाई बाबु साहेब बनेर शान देखाउने ठाउँ बनाउने होइन' उनले भने 'सातदशक लामो संघर्ष पछि नेकपाको बहुमतको सरकार बनिसकेको समयमा अब मुलुकको समृद्धिको लागि कुनै बहानाबाजी गरेर विलम्ब गर्ने अनुमति छैन । जनतालाई चुस्ने पनि होइन । राजनीतिकर्मी असहाय जनताको सेवक हुने हो ।' विकास निर्माणमा ठेक्कापट्का काम गर्ने जिम्मा लिएका व्यक्तिहरूले पनि चाडो काम गर्नुपर्ने उनले बताए । 'विश्वका शक्तिशाली व्यक्ति छिमेकी मुलुक चीनका राष्ट्रपति सी जिनफिङ २३ वर्षपछि नेपाल आएर नेपाललाई महत्व दिएका छन्' उनले भने 'भारतले उति नै नेपाललाई महत्व दिएको छ । वर्तमान परिस्थितिमा विदेशी मुलुकको समेत साथ लिएर मुलुकको समृद्धि गर्नु पर्छ ।' युवाले पनि आफ्नो मुलुकका काम गर्न लाज मानी विदेश पलायन हुने र त्यहाँ खुन पसिना बगाउने भन्दा पनि आफ्नै मुलुकभित्र श्रम फलाउनु पर्ने उनको तर्क छ । यो सब गर्नका लागि उद्योग, व्यवसायका अतिरिक्त पर्यटन र विद्युतको विकास विदेशी डलरको आम्दानी गर्न सकिने उनले बताए । काठमाडौं र तराई जोड्ने निजगढ-काठमाडौं द्रुतमार्ग निर्माण गर्ने कुराको पहिलो निर्णय आफू प्रधानमन्त्री भएको समयमा गरेको उदाहरण दिँदै पूर्वप्रधानमन्त्री समेत रहेका नेता नेपालले चीनबाट केरूङ काठमाडौं हुँदै लुम्बिनी र त्यहाँबाट पनि निजगढ, काठमाडौंतर्फ पनि रेल मार्ग निर्माण हुन नसक्ने बताए । सडक सञ्जालले पूर्वसम्म विस्तार गरी नेपाललाई समृद्ध बनाउन चाहे नसकिने कुरा नभएको उनको भनाइ छ । निजगढ अन्तराष्ट्रिय विमानस्थलको सन्दर्भमा नेता नेपालले विश्वमा एक वर्षमा पनि एयरपोर्ट निर्माण सम्पन्न भएको उदाहरण रहेको अवस्थामा नेपालमा चारवर्ष भित्र चाही निर्माण सम्पन्न गर्ने गरी काम गर्नुपर्ने बताए ।

## नेपाल चेम्बर र पीएचडी चेम्बरबीच छलफल

काठमाडौं । नेपाल चेम्बर अफ कमर्श र भारतको चेम्बर अफ कमर्स एण्ड इन्ड्रष्ट्रिज (पिएचडी) बीच छलफल भएको छ । दुई चेम्बरबीच भएको छलफलमा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेश काजी श्रेष्ठले द्विपक्षिय व्यापारमा पारवहन ढुवानी लागत घटाउनुपर्ने, सिमावर्ती क्षेत्रका चेम्बरहरूबीच सहकार्य गराउनुपर्ने बताएका छन । साथै श्रेष्ठले व्यापार मेलामा सहभागिता जनाउनुपर्ने र चेम्बरले आउँदो २०७६ फागुनमा आयोजना गर्ने नेपाल चेम्बर एक्पोमा भारतीय उद्योगी व्यवसायीको सहभागिता जनाउन समेत आग्रह गरेका छन । साथै पीएचडीका अध्यक्ष के.भी. राजनले नेपालसँग भारतको घनिष्ट सम्बन्ध रहेको र यसबाट लगानी र व्यापार एंव आर्थिक कृयाकलापमा वृद्धि गर्न यस्ता कार्यक्रमले ठोस सहयोग पुऱ्याउने बताए ।

## आर्थिक समाचार

### भारतमा टेलिकमको "डेटा रोमिङ प्याक"

काठमाडौं । भदौं २० गतेदेखि भारतमा आफ्नो डेटा रोमिङ सेवा उपलब्ध गराएको नेपाल टेलिकमले यसको प्याक सुविधा पनि सरू गरेको छ । यही शुक्रबारदेखि लागु हुनेगरी भारत भ्रमणमा जाने कम्पनीका मोबाइल प्रयोगकर्ताका लागि यस्तो सुविधा उपलब्ध रहेका टेलिकमले जनाएको छ । भारतमा डेटा रोमिङ प्याकअन्तर्गत टेलिकमले प्रयोगकर्तालाई तीन विकल्प दिएको छ । जसमध्ये दैनिक प्याकअन्तर्गत २४ घन्टासम्म प्रयोग गर्ने सकिने एक सय एमबीको प्याक सुविधा रहेको छ । यसको मुल्य कम्पनीले १२५ रूपैयाँ निर्धारण गरेको छ । त्यस्तै साप्ताहिक प्याकअन्तर्गत ५५५ रूपैयाँमा पाँच सय एमबी डेटा प्याकको अर्को विकल्प दिइएको छ ।

### कीर्तिपुरमा प्राइमको शाखा

काठमाडौं । आफ्नो शाखा संजाल बिस्तारको कममा प्राइम कमर्सियल बैंक लिमिटेडले कीर्तिपुर नगरपालिका**मा** शाखाको शुभारम्भ गरेको छ । यस शाखाको संचालन पछि बैंकको शाखा कार्यालय संख्या ९६ पुगेको छ । स्थानीय उद्योगी, व्यवसायी, शिक्षक, समाजसेवी तथा विभिन्न पेशाकर्मीहरूको उपस्थितिमा एक समारोहका विच बैंकका अध्यक्ष राजेन्द्र दास श्रेष्ठले शाखा कार्यालय कीर्तिपुरको समुदघाटन गरेका हुन् । यसै कमलाई निरन्तरता दिंदै बैंकले आगामी दिनहरूमा पनि शाखाहरूको संजाल बिस्तार गर्दै लगी आफ्नो सेवा दिन अग्रसर रहेको प्रतिवद्धता प्रकट गरेको छ ।

### लगानी गर्न आग्रह

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष एवम् आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल संघीय व्यवस्थामा प्रवेस गरेसँगै लगानीको वातावरण बन्दै गएको भन्दै यहाँ लगानी गरेर मुनाफा कमाउन गैर आवासीय नेपालीहरूलाई आग्रह गरेका छन् । गैर आवासीय नेपाली संघको नवौं महाधिवेशनलाई नेपालका एकजना उद्यमी र नेपाल उद्योग वाणिज्य महासंघको उपाध्यक्षका रूपमा सम्बोधन गर्दै उनले भने-सरकारले हाल लगानी गर्न उद्यमीहरूलाई उत्साहित गरेको छ, तीन तहको सरकार बनेपछि त लगानी भित्र्याउन एक किसीमले प्रतिश्पर्धा नै भएको छ भन्दा पनि हुन्छ । उनले नेपालमा गैर आवासीय नेपालीहरूसँग मिलेर २७ मेघावाटको दोर्दीखोला जलविद्युत र काठमाडौंमा रहेको चन्द्रागिरि केबलकार गरी दुइओटा प्रोजेक्ट गरेको र जुन नेपाली उद्यमशिलताको क्षेत्रमा राम्रा उदाहरणका रूपमा स्थापित भएको सबैमा विदितै रहेको उनले उल्लेख गरे ।

## पर्यटनमन्त्रीलाई ध्यानाकर्षणपत्र

काठमाडौं । भिजिट मधेश नेपालले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईलाई ध्यानाकर्षणपत्र बुझाएको छ । बुधबार बिहान भिजिट मधेश नेपालका राष्ट्रिय संयोजक ओमप्रकाश सर्राफको नेतृत्वमा गएको टोलीले पर्यटमन्त्री भट्टराईलाई ध्यानाकर्षणपत्र बुझाएको हो । भिजिट मधेशका अभियन्ताहरूले 'भिजिट नेपाल इज नट कम्प्लिट विदआउट भिजिट मधेश' भन्दै मधेशका पर्यटकीयस्थलहरूबारे जानकारी गराएका थिए । तराई/मधेशको पर्यटन प्रवर्द्धन एवं पर्यटकीय क्षेत्रको बिकासलाई विशेष प्राथमिकतामा राख्न आग्रह गर्दै ध्यानाकर्षण पत्र बुझाइएको जनाइएको छ ।

## रेशमलाई तत्काल रिहा गर्न माग

काठमाडौं । नेपाल आदिवासी जनजाति महासंघले सांसद रेशमलाल चौधरीलाई तत्काल रिहा गर्न माग गरेको छ । महासंघका अध्यक्ष जगत बरामले कैद भुक्तान गरिरहेका राष्ट्रिय जनता पार्टी, नेपालका कैलाली क्षेत्र नम्बर १ का प्रतिनिधिसभाका सांसद चौधरीको विनासर्त तत्काल रिहा नभए सरकारविरूद्ध आन्दोलन चर्काउने चेतावनी पनि दिए ।

## किन बनेन...

[illegible]मा राजनीतिक दल [illegible] राजनीतिमा नै बढी केन्द्रित भएकाले पनि जनताको जीवनस्तर बढ्न नसकेको हो ।

मधेश सम्भावनाको प्रवल स्रोत भएको क्षेत्र हो । तर यो क्षेत्रलाई जहिले पनि राजनीतिको केन्द्र मात्र बनाइयो । विकास र समृद्धिको बाटोमा मधेशलाई अगाडि बढाउन आवश्यक छ ।

मधेशी जनतालाई आन्दोलनका लागि मात्र प्रयोग गर्दै आएका मधेशी दलहरूले अबका दिनमा निर्वाचनमा भोट लिनको लागि मात्र प्रयोग नगरी विकासको एजेन्डालाई प्राथमिकतमा राख्नुपर्छ ।

राष्ट्रिय राजनीतिमा मधेशका समुदायबाट प्रभावशाली नेताहरू पनि जन्माउन सफल भएका छन् । काँग्रेसका महेन्द्र नारायण निधी, विमलेन्द्र निधी, चित्रलेखा यादव, विजय कुमार गच्छदारदेखि नेकपाका माधव कुमार नेपाल, प्रभु साह, गिरिराजमणि पोखरेल, मातृका यादव, रघुवीर महासेठसम्म मधेशकै भोटबाट जितेर मन्त्री भएका हुन । अझ मधेशी दलका नेताहरू मन्त्री बन्नकै लागि पार्टी बनाएका हुन । उनीहरू पदमा रहँदा मधेशले गौरव गर्ने लायक कुनै भौतिक संरचना पाउन सक्यो ? उनीहरू सत्तामा रहँदा मधेशको विकासमा टेवा पुग्ने काम भयो ? निश्चित रूपमा भएको छैन । सरकारले गर्ने नियमित विकासको कार्यक्रमलाई आफूले गरेको देखाएर जनता ठग्ने प्रवृति उनीहरूले पटक पटक देखाउँदै आएका छन् । नेताहरूमा मधेशको विकास गर्नु पर्छ भन्ने चिन्तन नै छैन । मधेशलाई मात्र भोटका लागि उपयोग गर्ने यस्ता नेताहरूबाटै मधेश हैरान छ, प्रताडित छ ।

यस्तै राजनीतिकर्मीहरूका कारण मधेशप्रतिको छवि घुमिल हुँदै गइरहेको छ । किन उनीहरूले आफू पदमा रहँदा मधेशका लागि उल्लेखनीय र गौरव गर्ने लायक काम गर्न सकेको ? यसको स्पष्ट जवाब के छ भने सत्ता लिप्सा र संकीर्ण मानसिकता । त्यसैले मधेशबाट नेतृत्व गर्ने नेताले आफूलाई समयसापेक्ष अद्यावधिक गर्नु जरूरी छ ।

राजनीतिक अस्थिरता, सुशासनको कमी, सुरक्षा र लगानीमैत्री वातावरणको अभाव तथा रोजगारको क्षेत्रमा बढ्दो राजनीतिक स्वार्थका कारण मधेश आर्थिक रूपले समृद्ध हुन सकेको छैन । फलस्वरूप गरीबी र विपन्नताको दुश्चक्रबाट बाहिर निस्कन सकेको छैन । यसको सबैभन्दा बढी प्रभाव प्रदेश २ मा परेको छ ।

दलहरू, अझ बढी मधेशी दलहरूले विकासको मुद्दालाई पछाडि पार्दै राजनीतिक मुद्दा मात्र अगाडि बढाएको हुनाले पनि २०६२/६३ सालदेखि सुरू भएको मधेश आन्दोलनले मधेशको विकासमा खासै भूमिका खेल्न सकेको छैन । मधेशमा जे जस्ता स्रोत, साधनहरू उपलब्ध छन्, त्यसैका आधारमा समग्र विकासमा ध्यान दिनु जरूरी छ ।







## नेपाली चेलीलाई अन्तर्राष्ट्रिय युवा अवार्ड

काठमाडौं । तीन नेपाली चेलीले भारतमा अन्तर्राष्ट्रिय युवा अवार्ड पाएका छन् । इन्टरनेसनल युथ फोरम एण्ड नेशनल युथ अवार्ड फेडेरेसन अफ इन्डियाले नेपाली चेलीहरू रेखा परियार, अरूणा हिङ्गमाङ्ग र पवित्रा गौलीलाई युवा अवार्डबाट सम्मान गरेको हो । परियार र गौली नेविसंघका नेता हुन् भने हिङ्गमाङ्ग सृजनात्मक महिला समूहकी अध्यक्ष हुन् । नेविसंघको पूर्वकेन्द्रीय सदस्यसमेत रहेकी परियारले अनाथ बालबालिकाहरूको लागि अनाथालय चलाउँदै आएकी छन् । उनले मानसिक रोगसम्बन्धी जनचेतना मुलक कार्यक्रम पनि गर्दै आएकी छन् । विद्यार्थी, बालबालिका, महिला, दलित र विकट क्षेत्रमा काम गर्दै आएकी परियारले अन्तर्राष्ट्रिय स्तरमा आफ्नो कामको मूल्यांकन भएकोमा खुसी व्यक्त गर्दै समाजसेवा अझै सकृय हुने आत्मविश्वास बढेको बताइन् ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं